# सौर्य दैनिक
SOURYA NATIONAL DAILY








वर्ष ८ | अंक ३२९ | मंगलबार, १४ माघ २०७६ | Tuesday, 28 January 2020 | www.souryadaily.com | पृष्ठ : ८ | मूल्य रू. ५


ललिता निवास जग्गा प्रकरण

# पौडेलको जग्गा तान्दै सरकार



■ सौर्य समाचार

काठमाडौं । सरकारले बालुवाटारबाट भूमाफियाले मिचेको एक सय १४ रोपनी जग्गा फिर्ता ल्याउने भएको छ । सत्तारुढ नेपाल कम्युनिस्ट पार्टीका महासचिव विष्णु पौडेलको छोराको नाममा रहेको आठ आनासहित मिचिएको सरकारी जग्गा फिर्ता लिने भएको हो । ललिता निवासको जग्गा प्रकरणमा जोडिएको पौडेल सहितको जग्गा सरकारीकरण गर्ने भएको हो ।

बालुवाटारमा सुवर्णशमसेर राणाको नाममा रहेको दुई सय ९९ रोपनी जग्गामध्ये पञ्चायतले १४ रोपनी जग्गा राज्यविरोधी काम गरेको आरोपमा जफत गरेको थियो । २०११ सालमा सरकारले बाँकी रहेको दुई सय ८५ रोपनी जग्गा मुआब्जा दिएर अधिग्रहण गरेको थियो । त्यसमध्ये एक सय ७२ रोपनीमा अहिले बालुवाटारस्थित प्रधानमन्त्री निवास, प्रधानन्यायाधीश निवास, सभामुख निवास र नेपाल राष्ट्र बैंकको कार्यालय छ । बाँकी एक सय १३ रोपनीमध्ये धेरै जग्गा भू-माफियाहरुले कानुनको ठाडो उल्लंघन गरी मालपोत कार्मचारीलाई मिलाएर आफ्ना नाममा नामसारी गरेका थिए ।

सो जग्गामध्ये नेकपाका महासचिव पौडेलका छोरा नवीन पौडेलको नाममा ८ आना जग्गा रहेको छ । बालुवाटारमा पौडेलसहित भाटभटेनी सुपरमार्केटको स्टोर, एनआरएनएको निर्माणाधीन भवन र दर्जनौं घर छन् । यसैगरी, भूमाफिया किटान गरिएका शोभाकान्त ढकाल र अधिवक्ता रामकुमार सुवेदीसहित उनका आफन्तको नाममा त्यहा जग्गा रहेको छ । सो जग्गा फिर्ता ल्याउने

> **अख्तियारले अदालतमा मुद्दा दायर गर्ने 'बित्तिकै मन्त्रिपरिषद्को बैठक बसेर १ सय १४ रोपनी जग्गा सरकारको नाममा ल्याउने निर्णय गर्ने तयारी, विष्णु पौडेलसहित भाटभटेनी सुपरमार्केटको स्टोर, एनआरएनएको निर्माणाधीन भवन र दर्जनौं घर छन्**

अन्तिम तयारीमा सरकार जुटेको छ । सरकारले गठन गरेको छानबिन समिति र प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले ११४ रोपनी जग्गा मिचिएको ठहर गर्दै सरकारीकरण गर्न सुझाव दिएको थियो । सोही सुझाबअनुसार सरकारले सो जग्गा आफ्नो नाममा ल्याउने तयारी गरेको हो । सरकारी उच्च स्रोतका अनुसार सरकारले सो जग्गा फिर्ता ल्याउनका लागि आवश्यक सबै तयारी पूरा गरिसकेको छ । 'नेकपाका महासचिव पौडेल लगायतको नाममा रहेको एक सय १४ रोपनी जग्गा सरकारी नै रहेको अहिलेसम्म भेटिएको कागजपत्रले पुष्टि गरेको छ', स्रोतले भन्यो ।

मन्त्रिपरिषद्ले गत फागुन २८ मा पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा गठित छानबिन समितिले बालुवाटारको जग्गा हिनामिना भएको निष्कर्ष निकालेको थियो । प्रधानमन्त्री केपी शर्मा ओलीको विशेष पहलमा गठन भएको सो समितिले बालुवाटारको जग्गा भूमाफिया ढकाल र सुवेदीको पहलमा किनबेच भएको ठहर गर्दै फिर्ता ल्याउन सुझाब दिएको थियो । सरकारले थप छानबिनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोलाई पनि दिएको थियो । समितिको सुझाबअनुसार सरकारले कानुनी रूपमा भविष्यमा कुनै पनि जटिलता नआउने गरी फिर्ता गर्ने तयारी गरेको हो । स्रोतका अनुसार अख्तियारले जग्गा प्रकरणको अन्तिम प्रतिवेदन तयार गरेर मुद्दा हाल्नेबित्तिकै सरकारले जग्गा फिर्ता लिएको निर्णय गर्ने छ । '


बाँकी पृष्ठ २


# कांग्रेसको महाधिवेशन फागुनमा

## तल्लो तहका अधिवेशनको मिति भने हेरफेर

■ सौर्य समाचार

काठमाडौं । नेपाली कांग्रेसले पूर्वनिर्धारित समयतालिका अनुसार नै १४ औं महाधिवेशन गर्ने निर्णय सर्वसम्मतले अनुमोदन गरेको छ । लामो समयको विवादपछि सोमबार साँझ पार्टी कार्यालयमा बसेको केन्द्रीय कार्यसमितिको बैठकले महाधिवेशनको पुरानै मितिलाई सर्वसम्मतले अनुमोदन गरेको हो ।

केन्द्रीय महाधिवेशन यसअघि तोकिएको मिति २०७७ फागुन ७ गतेदेखि १० गतेसम्म नै हुनेगरी तल्ला तहका अधिवेशन केही अगाडि सारिएको प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिए । शर्माका अनुसार अब १४ औं महाधिवेशन अन्तर्गतका अधिवेशनहरू २०७७ कात्तिक १६ गतेबाट सुरु हुनेछन् । कात्तिक १६ गते वडा अधिवेशन गर्ने मिति तय भएको छ । यसअघि पुस ११ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकबाट सभापति शेरबहादुर देउवाले बहुमतका आधारमा मंसिर ९ गते वडा अधिवेशन गर्ने निर्णय गराएका थिए । त्यो बैठकमा संस्थापन इतर समूह सहभागी भएको थिएन ।



सोमबारको बैठकमा भने संस्थापन इतर समूह पनि सहभागी थियो । प्रवक्ता शर्माका अनुसार सहमतिमा अब गाउँ-नगर अधिवेशन ०७७ कात्तिक १८ गते हुनेछ । प्रदेशसभा अधिवेशन कात्तिक २१ गते र प्रतिनिधिसभा अधिवेशन कात्तिक २३ गते गर्ने निर्णय पनि सर्वसम्मतिले बैठकले गरेको छ ।

एउटा मात्रै प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लाको अधिवेशन पनि त्यसैदिन हुनेछ । त्यस्तै एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएका जिल्लाको अधिवेशन कात्तिक २५ गते र प्रदेश अधिवेशन मंसिर २९ गते गर्ने निर्णय बैठकले सर्वसम्मतिले गरेको प्रवक्ता शर्माले जानकारी दिए ।

यसैगरी, महाधिवेशन प्रयोजनार्थ पार्टीका क्रियाशील सदस्यतासम्बन्धी व्यवस्था भएका विधानका धारा निलम्बन गर्ने निर्णय उल्टिएको छ । 'अहिलेलाई केन्द्रीय कार्यसमितिको बहुमतले महाधिवेशन प्रयोजनार्थ पार्टीका क्रियाशील सदस्यतासम्बन्धी धारा निलम्बन गर्ने निर्णय केन्द्रीय कार्यसमितिको बैठकले सर्वसम्मतिमा उल्टाएको छ,' एक केन्द्रीय सदस्यले भने, 'आवश्यकता परेमा माघ २३ गते बस्ने केन्द्रीय कार्यसमितिको बैठकबाट सहमतिले निलम्बन गर्ने सहमति बनेको छ ।' विधानसँग बाझिने धारा सहमतिमा पछि निलम्बन गर्ने निर्णय पनि भएको छ । स्थापन इतर


बाँकी पृष्ठ २







# मिडिया विधेयकबाट क्षतिपूर्ति हट्यो

■ सौर्य समाचार

काठमाडौं । मिडिया काउन्सिल विधेयकमा रहेको जरिवाना, क्षतिपूर्ति र सजायको व्यवस्था हटाइएको छ। राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले सो व्यवस्था हटाएर विधेयक पारित गरेको हो ।

विधेयकमा भएका विभिन्न व्यवस्थामा संशोधन गरिए पनि मुख्यतया मिडिया काउन्सिलले नै गर्नेसक्ने जरिवान र सजाय तथा क्षतिपूर्ति र काउन्सिलको अध्यक्ष सिफारिस गर्ने संयन्त्रमा विवाद थियो । बिधेयकमा मिडिया काउन्सिलले नै उजुरीमाथि छानबिन गरी संहिताविपरीत काम गरेको पाइएमा जरिवाना तथा सजाय गर्नसक्ने व्यवस्था थियो। साथै समाचारका कारण मर्का पर्ने पक्षलाई भराइने मनासिब क्षतिपूर्तिबारे पनि काउन्सिलले नै निर्णय गर्ने उल्लेख थियो । तर, अहिले क्षतिपूर्तिको जिम्मा अदालतलाई नै दिने सहमति भएको छ ।

सञ्चारतथा सूचना प्रविधि मन्त्रालयले संसद्मा ल्याएको विधेयकमा मिडिया काउन्सिलले जारी गरेको आचार संहिता उल्लंघन गरेमा पत्रकार, सम्पादक र प्रकाशकलाई २५ हजारदेखि १० लाखसम्म जरिवाना गर्ने प्रावधान प्रस्ताव गरिएको थियो । 'कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको देखिएमा काउन्सिलले सम्बन्धित आमसञ्चार माध्यम प्रकाशक, सम्पादक, पत्रकार वा संवादातालाई २५ हजार रुपैयाँदेखि १० लाख रुपैयाँसम्म जरिवाना


बाँकी पृष्ठ २


# एमसिसी प्रकरणमा नेपाली मिडियाको अग्निपरीक्षा

■ बोर्णबहादुर कार्की

काठमाडौं । केही समययता अमेरिकी मिलिनियम च्यालेन्ज करर्पोरेसन (एमसिसी)द्वारा नेपाललाई दिइने भनेको ५० करोड अमेरिकी डलरको अनुदान निकै चर्चाको विषय बनेको छ । राजनीतिक वृत्तदेखि समाजका हरेक पक्ष र तप्कामा यो एमसिसी प्रकरणले निकै प्रभावित पारेको छ । यो अमेरिकी अनुदानको पक्ष विपक्षमा चर्को बहस भई रहेको वर्तमान स्थितिमा यसको वास्तविक सूचना र जानकारी आमजनतासमक्ष पुऱ्याउनु अत्यावश्यक भएको छ ।

यसरी सू-सूचित गर्ने प्रमुख दायित्व मिडिया र पत्रकारको हो । तर, मिडिया र पत्रकारहरूले पनि एउटा पक्षमा उभिएर त्यही पक्षको वकालत गर्दा झन् भ्रम खडा हुँदै गएको छ । यो प्रकरण मूलुकको स्वतन्त्रता र स्वाधीनतासँग जोडिएको छ । यस्तो संवेदनशील विषयमा मिडिया पत्रकार जिम्मेवार र उत्तरदायी नहुँदा वास्तविकता छोपिने र भ्रम प्रभावी हुने परि स्थिति निर्माण हुँदै छ ।

अमेरिकी सहयोग एजेन्सी एमसिसीबाट नेपालले आर्थिक सहयोग लिने सम्झौतामा ०७२ सालमा नै हस्ताक्षर भएको तथ्य



अहिले मात्र सार्वजनिक भएको हो । यति संवेदनशील विषय आमजनतालाई जानकारी नै नदिई गुप-चुप रूपमा सम्झौता गर्ने दुष्प्रयास त्यतिवेलाको देउवा सरकारले गर्न लागेको रहेछ भन्ने तथ्य अहिले पर्दाफास भएको छ । यति महत्वपूर्ण विषयमा मिडिया-पत्रकारको आँखा नपुग्नु र जनता सु-सूचित हुन नपाउनु कम विडम्बनापूर्ण कुरा होइन् । यसले मिडिया-पत्रकारको योग्यता र क्षमतामा पनि प्रश्न चिन्ह खडा गरेको छ । यो प्रकरणको सार्वजनिक पूर्व सभामुख कृष्णबहादुर महराको यौन काण्डको क्रममा भएको हो । एमसिसी सम्झौता संसद्बाट अनुमोदन गराउनुपूर्व सभामुख महराले असहयोग गरेको गुनासो प्रधानमन्त्री केपी शर्मा ओलीले गरेपछि यो प्रकरण सार्वजनिक चासोको विषय बनेको हो ।

पूर्वप्रधानमन्त्री देउवाको पालामा गुपचुप रूपमा गरिएको एमसिसी सम्झौताबाट मात्र होइन् प्रधानमन्त्री ओलीले पनि कसैलाई सुइँको नदिई यो सम्झौता संसद्बाट अनुमोदन गराउने कसरत गर्दा यो प्रकरण रहस्यमय बनेको हो । पार्टी कमिटीहरू र पार्टी पंक्तिमा छलफल नै नगराई विवादस्पद सम्झौतालाई अनुमोदन गराउने प्रधानमन्त्री ओलीको कसरतको नियत र असली कारण आमजनतालाई मिडिया-पत्रकारले सू-सूचित गर्न नसक्नु निकै चिन्ताजनक कुरा हो । सामान्य कुरालाई अर्थात् समाचारको विषय नै नबन्ने विषय वस्तुलाई विशेष स्थान दिने र चर्काउने तर एमसिसीजस्तो मुलुकलाई तत्कालीन र दीर्घकालीन प्रत्यक्ष असर पुऱ्याउने विषय मिडिया-पत्रकारले सुइँको नपाउनु सामान्य कुरा होइन् ।

एमसिसी अनुदान संसद्बाट सहजरूपमा पारित गराउन आफू अनूकुलका सुवासचन्द्र नेम्वाङलाई


बाँकी पृष्ठ २

# ‘लोकतन्त्रमा विरोध गर्ने छुट सबैलाई छ’



■ सौर्य समाचार

काठमाडौं । नवनिर्वाचित सभामुख अग्निप्रसाद सापकोटाले संसद्प्रति जनताको आशा र विश्वास बढ्ने ढंगबाट आफूले सदनको कामकारबाही अगाडि बढाउने बताएका छन् ।

सभामुख पदको शपथ ग्रहणलगत्तै सोमबार सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा पदवहाली गरेपछि आयोजित संक्षिप्त पत्रकार भेटघाटमा उनले सदनलाई जीवन्त रूपमा सञ्चालन गरिने बताए । ‘हामीले चुनेर पठाएका प्रतिनिधिले लोकतान्त्रिक बाटोबाट छलफल गरेका छन् भनेर जनताले अनुभव गर्नेगरी सदनलाई अगाडि बढाउँछु’, उनले भने, ‘केही विधेयक प्रमाणीकरण गर्न बाँकी छ । प्राथमिकता प्राप्त विधेयकलाई शीघ्र अगाडि लैजाने र विधेयकको प्राथमिकता छुट्ट्याएर काम गर्नेछु ।’

सभामुखमा निर्वाचित भएलगत्तै अब आफ्नो सम्पूर्ण ध्यान संसदमा केन्द्रित भएको उनको भनाइ थियो । सभामुख सापकोटाले सदनमा दर्ता भएका विधेयकका साथै संकल्प प्रस्ताव, सार्वजनिक महत्वका प्रस्तावलाई प्राथमिकता क्रम छुट्ट्याएर अगाडि बढाउने बताए ।

‘मिलेनियम च्यालेन्ज कर्पोरेसन’ (एमसिसी) सम्बन्धी प्रस्ताव के गर्नुहुन्छ ? भन्ने जिज्ञासामा उनले एमसिसीसम्बन्धी सहयोग लिने/नलिने भन्नेमा नेपाली समाजमा बहस छेडिएको र बहसबाट निस्कने निष्कर्षका आधारमा निर्णय लिइने टिप्पणी गरे । ‘एमसिसीको सन्दर्भमा सबै सांसदको भावना समेटेर अघि बढ्छु’, उनले भने ।

सभामुखमा निर्वाचित भएपछि भइरहेको विरोधलाई सामान्यरूपमा लिँदै उनले लोकतन्त्रमा विरोध गर्न सबैलाई छुट भएको टिप्पणी गरे । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले सापकोटालाई सभामुखको उम्मेदवार बनाउने निर्णय गरेसँगै केही व्यक्तिले विरोध गरेका थिए ।

उनले आफूविरुद्ध अदालतममा केही मुद्दा विचाराधीन रहेको र ती विषयमा बढी बोल्नु मनासिब नहुने बताए । ‘यस विषयमा धेरै बोल्नु परिवक्वता हुँदैन’, त्यस विषयमा आफूलाई बोल्न बाध्य नपार्न आग्रह गर्दै उनले भने, ‘केही विषय उठेका छन, ती निरुपण हुँदै जान्छन् ।’ सापकोटाले सोमबार नै नेकपाको सबै जिम्मेवारीबाट राजिनामा दिएका छन् । उनले सोमबार विहानै राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पद तथा गोपनियताको शपथ लिएका थिए ।

पदवहालीलगत्तै सभामुख सापकोटाले संसदमा पेस गर्न विधेयक स्वीकृत गरेका थिए । सभामुखलाई कार्यकक्षमा संघीय संसद् सचिवालयका महासचिव मनोहरप्रसाद भट्टराईलगायत संसद्का कर्मचारीले स्वागत गरेका थिए ।

# कोरोना भाइरस नियन्त्रणमा उच्च सतर्कता

■ सौर्य समाचार



काठमाडौं । चीनमा फैलिएको कोरोना भाइरसको प्रभाव नेपालमा पर्न नदिन सरकारले उच्च सतर्कता अपनाउन निर्देशन दिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनपछि सोमबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सरोकारवाला निकायलाई १२ बुँदे निर्देशन दिएको हो । नेपाल भ्रमण वर्ष २०२० का सन्दर्भमा नेपालको पर्यटन क्षेत्र र जनस्वास्थ्यमा यसको नकारात्मक प्रभाव पर्न नदिन अपनाउनुपर्ने पूर्वसतर्कता, जनचेतना र समन्वयका सम्बन्धमा छलफल गरी निर्देशन दिइएको मन्त्रालयका प्रवक्ता रुद्रसिंह तामाङले जानकारी दिए । उनका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा (हेल्थ डेस्क) स्वास्थ्य कक्ष स्थापना गरी चीनबाट आएका पर्यटकमा उक्त भाइरसको संक्रमणको अनुमान गर्न निर्देशन दिएको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय तथा नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई नेपाल आउने हवाईजहाजहरू अवतरण गर्नुपूर्व यात्रुहरूलाई हेल्थ डेस्कमा गई आधारभूत जाँच गराउने व्यवस्था गर्न तथा विश्व स्वास्थ्य संगठनले तोकिदिएको मापदण्डबमोजिम अवतरणको समयमा जहाजलाई संक्रमणबाट बचाउने व्यवस्था गर्न निर्देशन दिइएको छ । त्यस्तै विमानस्थलमा कार्यरत कर्मचारीहरूलाई कार्यस्थलमा मास्क, पञ्जा र आवश्यकतानुसारका अन्य स्वास्थ्य सावधानीका उपायहरू अवलम्बन गर्नसमेत निर्देशन दिइएको छ ।

होटल, ट्राभल तथा ट्रेकिङ एजेन्सीलाई पर्यटकमा भाइरसको कुनै पनि लक्षण देखिएमा यथाशीघ्र तोकिएको स्वास्थ्य संस्थामा पुर्‍याउने व्यवस्था मिलाउन निर्देशन दिइएको छ । पर्यटकलाई सेवा दिने निजी क्षेत्रका सबै संस्थाले उक्त भाइरसबारे अवलम्बन गर्नुपर्ने सजगता एवं पूर्वसावधानी सम्बन्धमा आफ्ना कर्मचारीलाई तत्काल सुसूचित गराउने, कुनै पनि स्वास्थ्यसम्बन्धी उल्लिखित भाइरसबाट आउन सक्ने समस्याका सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपलब्ध गराएका सूचना एवं गर्नुपर्ने आवश्यक सहयोगमा पूर्ण सक्रियताका साथ कार्य गर्ने दिर्नेशन दिइएको हो । नेपालमा स्थलमार्गबाट पर्यटक प्रवेश गर्ने स्थान रसुवा, यारी नाकालगायत उत्तरी सीमा नाकाहरू समेतमा उल्लिखित सतर्कता र पूर्वसावधानीहरू अपनाउने, भाइरसको सम्भावना भएका बिरामीलाई तत्काल ‘आइसोलेसन’ मा राख्नुपर्ने भएकाले यस सम्बन्धमा सबैले पूर्वसावधानी एवं सजगताका साथ कार्य गर्ने निर्देशन दिइएको प्रवक्ता तामाङले जानकारी दिए । त्यस्तै चिनियाँ पर्यटकको बढी उपस्थिति हुने काठमाडाँ, पोखरा, चितवन र लुम्बिनी जस्ता स्थानहरूमा विशेष पूर्वसावधानी अवलम्बन गर्न, कोरोना भाइरसबाट बच्न र बचाउन जनचेतना वृद्धि गर्न, मानिसको धेरै आवतजावत हुने धार्मिक, सांस्कृतिक स्थानहरूमा सचेतनामूलक प्रचारप्रसार कार्य सञ्चालन गर्ने निर्देशन दिइएको छ । कोरोना भाइरससम्बन्धी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेका पोस्टर, पम्प्लेट, सूचनामूलक अन्य प्रचार सामग्री पर्यटन विभाग र नेपाल पर्यटन बोर्डको समन्वयमा प्राप्त गरी प्रमुख होटल तथा ट्राभल र ट्रेकिङ कम्पनीका कार्यस्थलमा पर्यटकले देख्ने गरी राख्ने व्यवस्था मिलाउनसमेत निर्देशन दिइएको छ ।

**नेपालमा एकजनामा मात्रै पुष्टि**

चीनबाट नेपाल फर्किएका एक नेपालीमा कोरोना भाईरस संक्रमणको पुष्टि भएको थियो । सोमबार टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गरिएका दुई बिरामीमा कोरोना भाइरस नभेटिएको मन्त्रालयले जनाएको छ । चीनबाट फर्केका थप तीनजना बिरामीलाई लक्षणका आधारमा आशंका गरी शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल भर्ना गरिएको थियो । भर्ना गरिएका मध्ये दुई जनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता महेन्दप्रसाद श्रेष्ठले जानकारी दिए ।

‘कोरोना भाइरस संक्रमण भएको अहिलेसम्म एकजनाको मात्रै पुष्टि भएको छ । थप संकास्पद भनिएका बिरामीमा यो भाइरस देखिएको छैन । एक जना विरामीको रिपोर्ट मंगलबार मात्रै आउँछ, उनले भने । यसैबिच सोमबारदेखि नै सरकारले नेपालमै कोरोना भाइरसको परीक्षणसमेत सुरु गरेको हो । नमुना परीक्षण सुरु गरेसँगै अब कोरोनाको ल्याब परीक्षणको रिपोर्ट २४ घण्टामा नै उपलब्ध गराउने प्रयोगशालाकी निर्देशक डा. रुना झाले बताइन् । ‘हामीसँग हालसम्म पनि यस कोरोना भाइरसको परीक्षण गर्ने केमिकल थिएन, दिल्लीबाट त्यो केमिकल पनि आएको छ, अब हङकङ पठाएर १० दिनसम्म रिपोर्ट कुर्नुपर्ने समस्या हट्यो, उनले भनिन् ।’ यसअघि संक्रमित भएका व्यक्ति भने माघ ३ गते नै अस्पतालबाट डिस्चार्ज भइसकेका छन् । कोरोना भाइरसबारे सचेत हुन तर नआत्तिन चिकित्सकहरूले सुझाएका छन् ।

## पौडेलको...

हामी अख्तियारले दायर गर्ने मुद्दाको प्रतीक्षामा छौं’, सरकारी स्रोतले भन्यो, ‘अख्तियारले अदालतमा मुद्दा दायर गर्नेबित्तिकै मन्त्रिपरिषद्को बैठक बसेर १ सय १४ रोपनी जग्गा सरकारको नाममा ल्याउने निर्णय गर्नेछ ।’

अख्तियारले अहिले जग्गामा मुछिएका व्यक्तिहरुसँग बयान लिने क्रम सकिएको जनाएको छ । मुद्दामा तानिएका सबै व्यक्तिसँग बयान लिइसकेको अख्तियारले मुद्दा दायर गर्नका लागि कागजपत्र मिलाउने काम गरिरहेको स्रोतले जानकारी दिएको छ । भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्यालले पनि बालुवाटारस्थित ललिता निवास क्षेत्रको जग्गा प्रकरणबारे गहिरो अनुसन्धान भइरहेको बताइन् । ‘सरकारले विधि पुर्‍याएर राम्रो नियतले कार्यसम्पादन गरेको छ, आगामी दिनमा अदालतमा कुनै समस्या नआओस् भनेर सूक्ष्मरूपमा प्रमाण जुटाइरहेको छ’, उनले भनिन् ।

सिआइबीले उच्च पदस्थ सरकारी अधिकारी र मालपोतका कर्मचारीदेखि भूमाफियासम्मको मिलेमतोमा सरकारी जग्गा व्यक्तिका नाममा दर्ता भएको निष्कर्ष निकाल्दै उनिहरूलाई कारबाहीको सिफारिस गरेको थियो । सिआइवीका प्रमुख डिआइजी नीरज शाहीले सो प्रकरणमा सरकारवादी मुद्दा आकर्षित हुने कसुर देखिएको बताए । ‘मूलतः ठगी, किर्ते र भ्रष्टाचार भएको देखियो, भ्रष्टाचारका विषयमा अख्तियारले अनुसन्धान गरिरहेकै छ। त्यसबाट ठगी र किर्तेमा पनि मुद्दा चलाउनुपर्छ भन्ने हाम्रो राय हो,’ डिआइजी शाहीले भने ।

तीन हजार वर्गमिटर सरकारको नाममा

सरकारले व्यक्तिको नाममा रहेको दुई हजार आठ सय २९ वर्गमिटर जग्गा आफ्नो नाममा फिर्ता ल्याएको छ । देशका विभिन्न स्थानमा फरक-फरक समयमा व्यक्तिका नाममा दर्ता भएका सरकारी, सार्वजनिक र गुठी जग्गा तथा जमिन मन्त्रालयले फिर्ता ल्याएको हो । सरकारले ऐतिहासिक सम्पदास्थल, विभिन्न मन्दिर तथा धार्मिक गतिविधि सञ्चालनका लागि गठन गरिएका गुठीअन्तर्गत रही हराएका तथा अन्य अतिक्रमित जग्गाको पनि खोजी गरिरहेको छ । मन्त्री अर्यालले सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोग, ०७६ को प्रतिवेदनमा सरकारको नाममा जग्गा कायम गर्ने तथा गुठी कायम गर्नेसम्बन्धी काम अगाडि बढाइएको जानकारी दिइन् ।

सरकारले भूमिहीन, सुकुम्बासी अव्यवस्थित बसोवासीका समस्या सधैंका लागि समाधान गर्ने गरी तर्जुमा गरेको भूमिसम्बन्धी ऐन (आठौं संशोधन) राष्ट्रपति कार्यालयमा प्रमाणीकरणका लागि तयारी गरिएको जानकारी दिएको छ । भूमिहीनलाई भूमिमा पहुँच स्थापना गरी सामाजिक न्याय कायम गर्ने गरी निर्माण गरिएको उक्त ऐन प्रतिनिधिसभा र राष्ट्रियसभा दुवै सदनबाट पारित भइसकेको छ ।

## एमसिसी...

सभामुख बनाउन प्रधानमन्त्री ओलीले विशेष कसरत गरेको चर्चा आमजनताको सरोकारको विषय बन्यो । त्यस्तैगरी एमसिसी प्रकरणमा असहयोग गरेको बदला लिन पूर्वसभामुख महरालाई यौन काण्डामा फसाउन प्रधानमन्त्री ओलीको हात रहेको कुरा पनि चासोको विषय रह्यो । जनताले चाहेका यस्ता भरपर्दो सूचनाहरूले मिडियामा खास स्थान पाएको देखिएन् । यसको निष्कर्ष हो, मिडिया-पत्रकारबाट यी सूचना नै संकलन गर्न र सम्प्रेषण गर्न सकेनन् वा संकलन गरेर पनि पूर्वाग्राही भई वा अनुचित प्रभावमा दबाउने काम भयो । जनताले चाहेको सूचना पहिचान गर्न र दिन नसक्नु मिडिया-पत्रकार आफ्नो दायित्वबाट चुक्नु हो ।

प्रधानमन्त्री ओली सभामुख प्रकरणमा असफल हुँदा सत्तासिन पार्टी नेकपा भित्रको आन्तरिक शक्ति सन्तुलन र समिकरणमा फेरबदल भएको संकेत गर्दछ । पार्टी कमिटीभित्र मात्र होइन पार्टी पंक्ति र संसदीय दलमा पनि प्रधानमन्त्री ओली कमजोर हुँदै गएको सहज रूपमा बुझिन्छ । देशको कार्यकारिणी प्रमुख प्रधानमन्त्री यसरी कमजोर हुँदै जानु कम अर्थपूर्ण कुरा होइन् । यी परिघटनाले प्रधानमन्त्री परिवर्तन हुने दिशातर्फ मुलुकको राजनीति धकेलिँदै त छैन ? भन्ने गम्भीर प्रश्न पनि खडा भएको छ । मूलुक र जनतासँग जोडिएका यति महत्वपूर्ण विषयमा सू-सुचित गर्नु मिडिया-पत्रकारको धर्म नै हो । यी विषयमा मिडियामा अहिलेसम्म तथ्यपरक र विश्वसनीय समाचार सामग्री सम्प्रेषण भएका छैनन् । यस्ता घटनाहरूले मिडियाको भूमिकाका विषयमा प्रश्न उठ्नु अस्वाभाविक कुरा होइन ।

एमसिसी मुलुकको स्वतन्त्रता र स्वाधिनतासँग जोडिएको गम्भीर विषय हो । कुनै पनि मूलुकका मिडिया-पत्रकारलाई त्यो देशको राष्ट्रियताको संरक्षण र संवर्द्धनको पहरेदारको रूपमा लिइन्छ । राष्ट्रियता माथि आँच वा संकट आएको संकेत पाउना साथ आमजनतालाई सू-सुचित गर्नु र आफूले पनि राष्ट्रियताको लागि विशेष भूमिका निभाउनु मिडिया र पत्रकारको दायित्व हो । राष्ट्रियतासँग जोडिएको एमसिसी प्रकरणमा मिडिया-पत्रकारले कति जिम्मेवारपूर्ण भूमिका निभाए ? यो मूल्यांकनको विषय बनेको छ । यस प्रकरणमा कति मिडिया पत्रकारले एमसिसी को राष्ट्रियता विरोधी प्रावधानलाई ढाक-छोप गरेको जन-गुनासो पर्याप्त मात्रामा सुनिन थालेको छ । कति मिडिया-पत्रकारालाई त विदेशी शक्तिको आर्थिक प्रलोभन र अनुचित प्रभावमा परेको आरोप पनि लाग्ने गरेको छ । राष्ट्रियताको विषयमा मिडिया-पत्रकारलाई यस्तो आरोप लाग्नु कम गम्भीर कुरा होइन । एमसिसी को राष्ट्रियताविरोधी चरित्र र प्रावधानलाई ढाकछोप गर्दै यसको पक्षमा कुतर्कहरू गरेर समाचार सामाग्री सम्प्रेषण गर्ने देखि सम्पादकीय लेख्ने सम्मका केही मिडियाको भूमिकाले नेपाली मिडिया-पत्रकारप्रतिको जनधारणा नकारात्मक बन्दै गएको छ । एमसिसी अमेरिकी इन्डो प्यासिफिक रणनीतिको अभिन्न अंग हो भन्ने तथ्य छोपेर छोपिन सक्ने कुरा होइन । एमसिसी सहयोगको अवरणमा नेपालका प्राकृतिक श्रोत र साधन (बहुमूल्य युरेनियमलगायत) कब्जा गर्ने, यो प्रोजेक्टको सुरक्षाको बहानामा नेपालमा फौजी अखडा खडा गर्ने र नेपाली भूमि प्रयोग गरेर पहिले चीन त्यसपछि भारतलाई घेराबन्दी र प्रहार गर्ने कुत्सित मनसाय अमेरिकी प्रशासनको रहेको क्रमश : पर्दाफास हुँदै छ । यो भनेको नेपालको स्वतन्त्रता र स्वाधीनतामाथि अतिक्रमण र हस्तक्षेप हो । राष्ट्रियताको संरक्षण लागि पर्दाफास गर्नुपर्ने विषयलाई ढाकछोप गर्ने मिडिया पत्रकारको भूमिका कम आपत्तिजनक होइन ।

आमजनसरोकार र राष्ट्रियताका विषयमा मिडिया-पत्रकारले आफ्नो भूमिका निभाउन असफल हुँदै गएको आलोचना दिन प्रतिदिन बढ्दो छ । एमसिसी प्रकरणले यस्तो आलोचनालाई झन बढावा दिएको छ । राष्ट्रियता र जनताप्रति उत्तरदायी र संवेदनशील मिडिया-पत्रकार नबनेको आरोप लाग्नु पत्रकारिताको व्यवसायिकता माथि नै प्रश्न चिन्ह खडा हुनु हो । त्यसमा पनि मिडिया-पत्रकार राष्ट्रियताको विरुद्धमा बाह्य शक्तिको प्रभावमा परेको आशंका गरिनु कम चिन्ताजनक कुरा होइन । एमसिसी प्रकरणले मिडिया-पत्रकारमा रहे भएका विकृति र विसंगतिलाई सतहमा ल्याइ दिएको छ । जनता र मिडिया-पत्रकारबीचको संवेदनशील सम्बन्धमा दरार पैदा हुँदै गएको छ । यस प्रकरणबाट शिक्षा लिदै नेपाली मिडिया-पत्रकारले आफूलाई सुधार्ने र जनविश्वास पुनः आर्जन गर्न अथक प्रयास गर्न विलम्ब गर्न हुँदैन । एमसिसी प्रकरणमा नेपाली मिडियाको अग्निपरीक्षा हुँदैछ ।

## कांग्रेसको...

पक्षको बहिष्कारबीच बसेको केन्द्रीय कार्यसमिति बैठकबाट सभापति देउवाले विधानको धारा ७१ र ५० (५) बमोजिमको अधिकार प्रयोग गरेर आगामी अधिवेशन र महाधिवेशनको प्रयोजनका लागि मात्रै भन्दै विधानका तीन वटा धाराका ५ प्रावधान निलम्बन गर्ने निर्णय गराएका थिए । पार्टीको आगामी महासमिति वा महाधिवेशनबाट अनुमोदन गर्नेगरी निलम्बन गरिएका धारामा पार्टीको क्रियाशील सदस्यता सम्बन्धी व्यवस्था छ ।

विधानको धारा ४ (२), धारा ४ (१०) (ञ), धारा ४ (१२) (ख), धारा ३५ (२) (घ) र धारा ५० (६) मा रहेको व्यवस्था निलम्बन गर्ने निर्णय केन्द्रीय कार्यसमितिले गरेको थियो । त्यो निर्णय उल्टाउने निर्णय बैठकले गरेको हो । त्यस्तै बैठकले क्रियाशील सदस्यता छानबिनका लागि समिति बनाउने निर्णय गरेको छ । समिति ७ सदस्यीय समितिको संयोजक र सदस्यहरूको मनोनयन सभापतिले परामर्श गरी गर्ने निर्णय भएको प्रवक्ता शर्माले जानकारी दिए ।

केन्द्रीय समितिमा भित्र सहमति भइरहँदा बाहिर भने नेपाल विद्यार्थी संघका दुई समुहबीच झडप भइरहेको थियो । संस्थापन र इतर पक्षबीच दुई पटक झडप हुँदा केही विद्यार्थी नेताहरू घाइते भएका छन् । उमेरहदबन्दीका विषयमा दुई पक्षबीच झडप हुँदा बैठकमा सहभागी भएका नेताहरूको समेत भागभाग भएको थियो ।

## मिडिया...

भन्ने प्रावधान हटाइएको छ । संहिताअनुसार काम भए-नभएको अनुगममन गर्ने जिम्मामा रहने काउन्सिलले कसैलाई जरिवाना, सजाय र क्षतिपूर्ति भराउने फैसला गर्ननमिल्ने भन्दै आलोचना भएको थियो । त्यस्तो अभ्यास अदालतले मात्र गर्नेसक्ने भन्दै भएको आलोचनालाई विधायन व्यवस्थापन समितिले सच्याएको छ । अब कुनै पनि मिडियामा आचारसंहिता विपरीतका सामग्री प्रकाशन भएमा त्यसमाथि छानबिन गरी कारबाही गर्ने जिम्मेबारी काउन्सिलबाट अदालतमा सरको हो ।

मिडिया काउन्सिलमा अब ११ जना पदाधिकारी हुने व्यवस्था गरिएको छ । ९ सदस्यीय हुने व्यवस्था गरे पनि संसदीय समितिले त्यो संख्या बढाएर ११ जना पदाधिकारी हुने व्यवस्था राखेको छ । प्रत्येक प्रदेशबाट एक-एकजना सदस्य राख्ने विषयमा समितिमा सहमति भएको छ ।

त्यस्तै, मिडिया काउन्सिलमा नियुक्ति गर्ने क्रममा संविधानमा व्यवस्था गरिएको समावेशीतालाई मध्यनजर गर्दै पत्रकारिताको विधागत समावेशितालाई पनि ख्यालमा राख्नुपर्ने व्यवस्था गरिएको छ । ७ प्रदेशबाट आउने सदस्यमा दुईजना महिला अनिवार्य हुनुपर्ने र बाँकीमा दलित, जनजाति, मधेसीलगायत कोटाबाट नियुक्त गर्नपर्ने विधेयकमा थपिएको छ । काउन्सिलमा नियुक्त गरिने सदस्यमा १ जना पत्रकारिता अध्यापन गराइरहेको प्राध्यापक राख्ने व्यवस्था गरिएको छ ।

मिडिया काउन्सिलको अध्यक्ष १० वर्ष र सदस्य हुन १५ वर्षको अनुभव हुनुपर्ने मन्त्रालयको प्रस्तावलाई समितिले संशोधन गरेको छ । अब मिडिया काउन्सिलको अध्यक्ष हुनका लागि सर्वोच्च अदालतको न्यायाधीश बन्न योग्यता पुगेको व्यक्ति वा वरिष्ठ अधिवक्ता वा पत्रकारितामा स्नातकोत्तर गरेर निरन्तर १५ वर्ष पत्रकारितामा संलग्न रहेको हुनुपर्नेछ ।

यसैबीच, नयाँ पत्रकारले अब लाइसेन्स परीक्षा दिनुपर्ने भएको छ । विधेयकमा अहिले काम गरिरहेका पत्रकारले भने लाइसेन्स परीक्षा दिनु नपर्ने उल्लेख छ । तर, नयाँ पत्रकारका हकमा भने लाइसेन्स परीक्षा दिनुपर्छ । विधेयकमा पत्रकारको लाइसेन्स परीक्षा, दर्ता तथा अभिलेखसम्बन्धी व्यवस्थामा पत्रकारको रूपमा काम गर्न चाहनेको लागि लाइसेन्स परीक्षा सञ्चालन, सोको पाठ्यक्रम तथा न्यूनतम योग्यता निर्धारण काउन्सिलले तोकेबमोजिम हुनेछ भन्ने उल्लेख छ ।

तर, हाल पत्रकारिताको क्षेत्रमा कार्यरत पत्रकारहरूको हकमा यो व्यवस्था लागू हुने छैन भन्ने प्रस्ट लेखिएको छ । पत्रकारिताका क्षेत्रमा कार्यरत पत्रकारको विवरण काउन्सिलले एक वर्षभित्र संकलन गरी अभिलेख राख्ने विधेयकमा व्यवस्था छ । तर, सञ्चारमाध्यमले लाइसेन्स नभएका पत्रकारलाई पनि जागिर दिन सक्नेछ ।


प्रदेश सरकार
प्रदेश नं. १
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय
इनरूवा, सुनसरी

**धरौटी सदरस्याहा सम्बन्धि सूचना**

प्रकाशित मिति : २०७६/१०/१४

यस कार्यालयको धरौटी खातामा मुद्दा, लिलाम तथा बिबिध प्रयोजनार्थ राखिएको आ.व. २०७२/७३ सम्मको धरौटी रकम कार्यसम्पन्न भइ फिर्ता नभएको हुँदा त्यस्तो धरौटी रकम राजश्व खातामा सदरस्याहा गर्नुपर्ने भएकोले सम्बन्धित व्यक्ति, फर्म तथा संस्थाहरुले राखेको धरौटी रकम फिर्ता गरिनुपर्ने भए आवश्यक कागज प्रमाण सहित ३५ (पैतिस) दिनभित्र यस कार्यालयमा धरौटी फिर्ताको मागदाबीको लागि निबेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । धरौटी सदरस्याहा हुने व्यक्तिगत बिवरण कार्यालयको वेवसाइट www.dfosunsari.gov.np मा राखिएको छ । थप जानकारीको लागि 025-520178 मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

डिभिजन वन अधिकृत
डिभिजन वन कार्यालय, सुनसरी

# कर्णालीमा भिडियो कन्फ्रेन्समार्फत कुराकानी



■ नन्दबहादुर रोकाया

मुगु । कणालीमै पहिलोपटक प्रदेश सरकार र सरोकारवालाबीच भिडियो कन्फ्रेन्समार्फत कुराकानी गरेर कार्यक्रम सञ्चालन गरिएको छ । कर्णाली प्रदेश सरकारअन्तर्गत सामाजिक विकास समितिले सोमबार जिल्ला सदरमुकाम गमगढीमा आयोजना गरेको खाद्य उत्पादन अधिकारी तथा सम्प्रभुता सुनिश्चित गर्न बनेको विधेयक २०७५ माथि सुझाव संकलन गर्न आयोजित कार्यक्रममा कर्णाली प्रदेश सरकारका सभामुख राजबहादुर शाहीले प्रदेश राजधानी सुर्खेतमा रहेको संसद् सचिवालयबाट भिडियोमार्फत शुभकामना सन्देश दिएका हुन् ।

भिडियोमार्फत मुगुको कार्यक्रममा सहभागीहरूलाई सम्बोधन गर्दै सभामुख शाहीले कणाली प्रदेश भौगोलिक हिसाबमा विकटता भएकाले सबै स्थानमा सुविधा सम्पन्न सवारी साधन पुग्न नसक्ने र दूरदराजका जनताको पहुँच सिधै सरकारसँग नहुने भएपछि आफ्ना गाउँगाउँमा रहेका समस्याहरू सिधै प्रदेश सरकार र मातहतका निकायहरूमा जनताहरूले प्रत्यक्ष भिडियोमार्फत जानकारी गरुन् र सवालजवाफ गर्न सकुन् भन्ने उद्देश्यले देशमै पहिलोचोटी मुगुबाट कर्णाली प्रदेश सरकारले यो व्यवस्था गरेकाले यसको भरपुर सदुपयोग गरी फाइदा लिन सबैमा अनुरोध गरेका थिए ।

उनका अनुसार खाद्य अधिकार तथा सम्प्रभुतासम्बन्धी कृषि तथा सहकारी मन्त्रालयले संसद्मा टेबुल गरेको विधेयकको मस्यौदा तपाईंसामु सामाजिक विकास समितिले, राय, सल्लाह, सुझाव र छुटेका विषयवस्तु समेट्न कार्यक्रम आयोजना गरेकाले जिल्ला सुहाउँदो खाद्यअधिकार र सम्प्रभुताबारे सुझाव दिन अनुरोध गरेका थिए ।

**१० जिल्लामा भिडियो**

कर्णाली प्रदेश सरकारले प्रदेशका १० वटै जिल्ला समन्वय समितिमा ४० इन्च र संसद् सचिवालय सुर्खेतमा ६५ इन्चको एलसिडी जडान गरिएको सामाजिक विकास समितिका सचिव राजेन्द्र पौडेलले जानकारी दिए । प्रत्यक्ष भिडियो कुराकानी गर्न जडित एलसिडी युनडिपी संसद् सहयोग परियोजनाको सहयोगमा जडान गरिएको हो । प्रत्येक जिल्लाका समन्वय समितिको कार्यालयमा जडान गरिएको भिडियोमार्फत सुझाव राख्न चाहेमा समय माग गरी सरकारसँग प्रत्यक्ष कुराकानी गर्न सकिनेछ ।

**समितिलाई मुगालीका सुझाव**

सामाजिक विकास समितिका सभापति राजु नेपालीको अध्यक्षतामा भएको सुझाव संकलन तथा अन्तर्क्रिया कार्यक्रममा सहभागीले प्रस्तावित विधेयकमा कृषकलाई बिमा, प्राकृतिक तथा अन्य कारणले अन्नबाली तथा फलफूलमा क्षति पुगेमा राज्यबाट क्षतिपूर्ती र राहत दिन बाध्यकारी व्यवस्था हुनुपर्ने, आयातित खाद्य वस्तुलाई प्रतिबन्ध लगाई प्रदेशमै उत्पादित वस्तुको प्रयोग गर्न कडाइ गर्नुपर्ने, किसानका उत्पादित वस्तु सहजै बजारसम्म लिन र आउन सडक, यातायातसम्म पहुच पुऱ्याउनुपर्ने, जमिन कम भएका र भोकै बस्नुपर्ने अवस्था भएका जनतालाई राज्यले गुणात्मक खाद्य वस्तु उपलब्ध गराउनुपर्ने, महिला, बालबालिका तथा पछाडि परेका समुदाय, व्यक्तिलाई पोषणयुक्त खानाको व्यवस्था राज्यले मिलाउनुपर्ने जस्ता प्रावधान राख्न सुझाव दिएका थिए । डोल्पाबाट सुझाव संकलन गरेर मुगु पुगेको सामाजिक विकास समिपतको टोलीमा अध्यक्ष नेपालीसहित सदस्यहरू कौशिलावती खत्री, रातो कामी र यज्ञबहादुर जोशी सहभागी थिए ।

# छोटी भन्सार सञ्चालन नहुँदा सास्ती

■ आलोक यादव

सिरहा । जिल्लाको ग्रामीण क्षेत्रका दुई वटा छोटी भन्सारहरू सञ्चालन नहुँदा सर्वसाधारण र व्यापारीले सास्ती खेपिरहेका छन् भने सरकारलाई करोडौं राजस्व घाटा भइरहेको छ । सदरमुकाम बाहिर रहेका छोटी भन्सार झाझपट्टी, ब्रहरिमा रहेको भन्सार सञ्चालनमा नरहेकोले भारतीय बजारबाट मालसमान नेपाल ल्याउने र नेपालबाट भारततर्फ लैजाने समानहरूको भन्सार हुन नसक्दा व्यापारीलाई समस्या भइरहेको छ ।

छोटी भन्सारहरूमा द्वन्द्वकाल पहिला किरण समान, कपडाहरूको भन्सार हुँदा एउटा छोटी भन्सारमा ७० लाखदेखि एक करोडसम्म राजस्व उठ्ने गरिरहेको थियो । माछा र खद्यान्नहरूबाट करोडौंको राजस्व उठने गरिरहेको थियो तर द्वन्द्वकालमा बन्द भएपछि हालसम्म छोटी भन्सार सञ्चालनमा आएको छैन । जसले सर्वसाधारण र व्यापारीहरूलाई समस्या परिरहेको छ । यसको सम्बन्धमा नवराजपुर गाउँपालिका-५ झाझपट्टि बजारका स्थानीय व्यापारी विवेक यादवका अनुसार छोटी भन्सार सञ्चालन नहुँदा सर्वसाधारण र व्यापारीलाई दोहोरो खर्च गरी माडर, ठाडीसम्म धाउनुपर्ने बाध्यता रहेको छ । भारतसँग व्यापारिक मात्र नभई पारिवारिक सम्बन्धसमेत रहेकोले सीमाक्षेत्रका स्थानीयलाई बिहारबाट सामान ल्याउन र भारतीय सवारी नेपाल भित्र्याउन निकै कठिनाइ भएको छ । उक्त भन्सार प्रयोगमा नआउँदा सर्वसाधारण मात्र नभई व्यापारीलाई समेत मार परेको विवेक यादवले जनाएका छन् । माडर नाकाबाट सामान ल्याउन नदिने र वैधानिक तरिकाबाट लहानबाट हुलाकी सडक हुँदै सामान ल्याउँदा पनि प्रशासनले विनाकारण दुःख दिने गरिरहेको छ ।



छोटी भन्सारहरूबाट सहज रूपमा भन्सार गर्न वातावरण बनाइदिन व्यापारीहरूले आग्रह गरेका छन् । नवराजपुर गाउँपालिकाका अध्यक्ष विश्वमोहन प्रसाद यादवले बारम्बर माथिल्लो निकायमा ताकेता गर्दासमेत छोटी भन्सार प्रयोगमा नआएकोले सर्वसाधारणलाई समस्या भइरहेको बताएका छन् । 'छोटी भन्सार सञ्चालनमा ल्याउन र सहज रूपमा समानहरूको भन्सार र सवारी साधनको एन्ट्री गर्नका लागि जिल्ला प्रशासन, माडर भन्सार र सम्बन्धित निकायसम्म पहल गरेको छु', अध्यक्ष यादवले बताए । छोटी भन्सार सञ्चालनमा नआउँदा प्रशासनले मनपरि हिसाबले काम गर्दा सर्वसाधारण र व्यापारीहरूलाई समस्या परिरहेको छ । निर्वाचित भएदेखि नै जनताको समस्या देखिरहेको र माडर नाका हुँदै सामान झाझपट्टी लैजान खर्चिलो भएको हुँदा छोटी भन्सार प्रयोगमा ल्याउन जरुरी रहेको अध्यक्ष यादवले बताए ।

# एग्रिकल्चरका नाममा लाखौँ ठगी गर्ने पक्राउ

■ कृष्णप्रसाद अधिकारी

दैलेख । जिल्लाको सदरमुकाम नजिकै स्वर्णभूमि कृषि तथा पशुपालन एग्रिकल्चर लिमिटेड संस्थाका प्रबन्धक लाखौं ठगी गरेको कसुरमा पक्राउ परेका छन् । मुगु जिल्लाको खत्याड गाउँपालिका-२ मा घर भई हाल वीरेन्द्रनगर नगरपालिका-४ भैरबस्थान बस्दै आएका २५ वर्षीय किरण बिसी भन्ने कर्णसिंह टमटालाई प्रहरीले काठमाडौंमा हिँडिरहेको अवस्थामा पक्राउ गरेको हो ।

जिल्लामा केही समयअगाडि नियुक्ति गरिएका कर्मचारीको निवेदनका आधारमा पक्राउ गरिएको दैलेखका डिएसपी हरिबहादुर ओलीले बताए । दैलेख जिल्लामा रहेका ११ वटै स्थानीय तहका व्यापारी कृषकहरूबाट वचत तथा सेयरका नाममा रकम संकलन गरी तीन महिना अगाडिबाट जिल्लामा रहेको सहकारी तथा एग्रोभेट बन्द गरी भागेका प्रबन्धकलाई काठमाडौंको सुन्धाराबाट पक्राउ गरिएको हो । अहिले उनलाई दैलेख जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान थालिएको दैलेख प्रहरीले बताएको छ । उनले सञ्चालन गरेको स्वर्णभूमि कृषि तथा पशुपालन एग्रिकल्चर लिमिटेड संस्थाको नामबाट ४७ लाख ३ हजार ५ सय ठगी गरेको प्रहरीले जनाएको छ । कर्मचारी तलबबापत ४ लाख ४५ हजार, कर्मचारीको सेयर रकम बापत ६ लाख, वचत कर्ताहरूको १० लाख, कृषक, व्यापारी तथा अन्य व्यक्तिहरूबाट २२ लाख ६८ हजार, संस्था रहेको घरभाडाको ३ लाख ९० हजार ठगी गरेको भेटिएको छ, भने सगुन कृषि तथा पशुपालन एग्रिकल्चर दुल्लु नगरपालिका-५ दैलेखको नामबाट कृषि तथा पशुपालन समूह बनाई ७ लाख ३० हजार रुपैयाँ ठगी गरेको पाइएको छ । दुवै संस्थामार्फत ५४ लाख ३३ हजार रुपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ ।




मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २१ को दफा २४९ को १ बमोजिम कसुर गरेको हुदाँ यस्ता व्यक्तिलाई सोही दफाको उपदफा ३ (ग) बमोजिम सात वर्ष कैद सजाय र २० हजारसम्म जरिवाना र बिगो बमोजिम क्षतिपूर्ति भराउने कानुनी व्यवस्थासमेत रहेको छ ।

# सुस्तामा सुरक्षित आवास निर्माण सुरु

■ मोहन पौडेल

नवलपरासी । प्रदेश-५ सरकारले पश्चिम नवलपरासीको सुस्ताका नागरिकका लागि आवास बनाउन सुरु गरेको छ ।

आधारभूत सेवाबाटसमेत वञ्चित भई दयनीय जीवन बिताउँदै आएका सुस्तावासीका लागि सरकारले आवास बनाउन सुरु गरेपछि स्थानीयवासीमा खुसियाली छाएको छ । सुस्ता गाउँपालिकाको पहलमा प्रदेश-५ सरकारले आवास निर्माण थालिएको गाउँपालिकाले जनाएको छ ।

सुस्ताका २ सय ५० घरधुरीलाई आवास निर्माण गर्ने योजनाअनुसार पहिलो चरणमा १ सय ५० घर निर्माण सुरु गरिएको गाउँपालिका अध्यक्ष रामप्रसाद पाण्डेले जानकारी दिए । नारायणी नदीपारिको सुस्ता गाउँमा अधिकांश कच्ची घर रहेका छन् । बाढीको समयमा अधिकांश घर डुबानमा पर्ने गरेको छ । यहाँ २ सय ६५ घरधुरीमध्ये १५ घर मात्रै पक्की रहेको गाउँपालिका अध्यक्ष पाण्डेले बताए । उनले भने, 'सुस्तावासी नेपालीले नेपाली भूमि बचाउन गरेको योगदानको कदर गर्दै नेपाली भएकामा गर्व गर्ने र सरकारको पनि अनुभूति हुने गरी गाउँपालिकाले पहल गरेर सुस्तावासीलाई आवासको व्यवस्था गर्न लागेको हो, हामीले शिलान्यास गरेर निर्माण कार्य अघि बढाएका छौं ।'

गाउँपालिका अध्यक्ष पाण्डेले आवास निर्माणको शिलान्यास गरेका हुन् । प्रदेश सरकारले सुस्ता गाउँपालिका-५ सुस्ता गाउँमा २ सय ५० आवास निर्माणका लागि ५ करोड २५ लाख बजेट विनियोजन गरेको छ । प्रतिघरका लागि ३ लाख ५० हजार सरकारले उपलब्ध गराएको छ भने थप १५ प्रतिशत उपभोक्ताले लगानी गर्नेछन् ।

> सुस्तामा ०२२ सालदेखि बसोवास सुरु भएको थियो । सुस्तामा अहिले ३ हजार १ सय ३३ जनसंख्या रहेको छ । सुस्ता बचाउ अभियानअनुसार सुस्ताको कुल क्षेत्रफल ४० हजार ९ सय ८० हेक्टरमध्ये १४ हजार ५ सय हेक्टर भारतीय अतिक्रमणमा परेको अनुमान छ । १९ हजार ४ सय ८० हेक्टर जमिन विवादित छ भने बाँकीरहेको सात हजार हेक्टर मात्र अहिले सुस्तावासीले भोगचलन गर्दै आएका छन्

'आगामी जेठ मसान्तभित्र निर्माण गरिसक्ने हाम्रो लक्ष्य हो, दुई कोठा पक्की भवन र जस्तापाताको छाना र शौचालयसमेत निर्माण हुनेछ । फुसका घरमा बसिरहेका र नागरिकता पाएका नागरिकलाई हामीले आवास हस्तान्तरण गर्नेछौं, फुसको घर विस्थापित गर्ने हाम्रो योजना हो, सुस्तावासीलाई हामी खुसी देख्न चाहन्छौं', अध्यक्ष पाण्डेले भने ।

अन्धकारमा बस्दै आएका सुस्तावासीलाई बिजुलीको पहुँचमा पुऱ्याउने उद्देश्यले गत कात्तिकदेखि सुस्तामा सौर्य मिनी ग्रिड प्लान्ट पनि निर्माण भइरहेको छ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, तराई-मधेस समृद्धि कार्यक्रम र गाउँपालिकाको संयुक्त लगानीमा आठ महिनाभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको ग्रिडको ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले शिलान्यास गरेका थिँ ।

सुस्तामा नारायणी नदीका कारण राष्ट्रिय प्रसारणको लाइन पुऱ्याउन असहज भएपछि वर्षौंदेखि टुकीको भरमा बस्न बाध्य यहाँका नागरिकलाई गाउँपालिकाले पहल गरेर बिजुली बाल्न लागेको अध्यक्ष पाण्डेले बताए । अहिले सरकारले आवास निर्माण गर्न थालेपछि फुसको छानाको कच्ची घरमा बस्दै आएका सुस्तावासीमा खुसियाली छाएको सुस्ता बचाउ अभियानका सदस्य रवीन्द्र जयसवालले बताए । नागरिकता नभएकालाई पनि नागरिकता प्रमाणपत्र दिलाएर सबै घरधुरीलाई आवासको व्यवस्था गर्नुपर्नेमा उनको जोड थियो । सुस्तामै केही दिनपछि सडक निर्माणसमेत सुरु गर्ने तयारी भइरहेको गाउँपालिकाले जनाएको छ ।

सुस्तामा ०२२ सालदेखि बसोवास सुरु भएको थियो । सुस्तामा अहिले ३ हजार १ सय ३३ जनसंख्या रहेको छ । सुस्ता बचाउ अभियानअनुसार सुस्ताको कुल क्षेत्रफल ४० हजार ९ सय ८० हेक्टरमध्ये १४ हजार ५ सय हेक्टर भारतीय अतिक्रमणमा परेको अनुमान छ । १९ हजार ४ सय ८० हेक्टर जमिन विवादित छ भने बाँकीरहेको सात हजार हेक्टर मात्र अहिले सुस्तावासीले भोगचलन गर्दै आएका छन् ।

०३४ सालमा नारायणी नदीमा आएको बाढीका कारण तत्कालीन सुस्ता पञ्चायत (हालको विवादित भनिएको १९ हजार ४ सय ८० हेक्टर क्षेत्रफल जमीन) मा रहेका नौ गाउँलाई पक्लिहवा, त्रिवेणीलगायत स्थानमा स्थानान्तरण गरिएको थियो ।

नेपाल-भारतबीच भएको गण्डक सम्झौताअनुसार भारतले निर्माण गरेका संरचनाका कारण नारायणी नदीको बहाव सुस्तातर्फ केन्द्रित हुँदा सुस्तावासीले समस्या भोग्दै आएका छन् । सुस्तामा नेपाल र भारतको सीमा छुट्याउने कुनै स्तम्भ छैनन् । सडकलाई सीमा मानिएको छ । सुस्ताभूमि नारायणी नदीभन्दा पारि हुनु र त्यहाँ सीमा स्तम्भ पनि नहुँदा भारतले त्यही बहानाले पटकपटक अतिक्रमणको प्रयास गर्दै आएको स्थानीयवासी बताउँछन् ।

# वडाध्यक्षसहित १६ जुवाडे पक्राउ



■ सौर्य समाचार

धनगढी । कैलालीको गोदावरी नगरपालिका-१० का अध्यक्ष गुड्डु भनेर चिनिने रवीन्द्र शाही सहितका १६ जनालाई प्रहरीले आइतबार राती जुवाको खालबाट पक्राउ गरेको छ । पौने २३ लाख रुपैयाँसहित धनगढीबाट प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

वडाध्यक्ष शाही नेपाली कांग्रेसबाट गोदावरी नगरपालिका-१० मा विजयी जनप्रतिनिधि हुन् । जिल्ला प्रहरी कार्यालले धनगढी-३ का तिलक अधिकारीको घरमा जुवा खेलिरहेकाहरूलाई २२ लाख ८२ हजार रुपैयाँसहित आइतबार राती पक्राउ गरेको हो । जुवाको खालबाट पक्राउ पर्नेमा धनगढीमा धनगढी, गोदावरी, बेलौरी र भीमदत्त नगरपालिकाका व्यापारीसहित केही जनप्रतिनिधिहरू पनि रहेको प्रहरीले जनाएको छ । गोदावरी-१० का २८ वर्षीय रबिन्द्र शाही, २८ वर्षीय सन्देश तामाङ, ३ का ३८ वर्षीय मोहन खड्का, भीमदत्त-३ का ३४ वर्षीय धीरेन्द्र चन्द, बेलौरी-१ का ३४ वर्षीय भुवन कुँवर, धनगढी-३ वर्षीय ३८ तिलक अधिकारी, ३७ वर्षीय चन्द्रमणि अधिकारी, १३ का ३४ वर्षीय रमेश खड्का, ४ का ३५ वर्षीय खेमराज भट्ट, २ का ४१ वर्षीय जनक दौल्याल, दशरथचन्द-८ का ३१ वर्षीय अमित गुरु, ४ का ३० वर्षीय सूर्य भट्ट, जयपृथ्वी-१० का ३५ वर्षीय प्रेमबहादुर सिंह, पुर्चौडी-८ का ५० वर्षीय कालुसिंह धामी, नौगाड-४ का ३३ वर्षीय जयसिंह धामी र महाकाली-४ का ३८ वर्षीय मंगल ठगुन्नालाई पक्राउ गरिएको प्रहरी नायव उपरीक्षक दक्षकुमार बस्नेतले बताए ।

चिन्तन

शिक्षाको अन्तिम विन्दु ज्ञान हो, ज्ञानको अन्तिम विन्दु चरित्र हो, तिमीले कस्तो शिक्षा लिएका छौं भन्ने कुरा तिम्रो चरित्रमा आएको सुधारले मापन गर्दछ ।

-आचार्य चाणक्य

## सम्पादकीय

# ग्रामिण क्षेत्रको दशा

सरकारी तथ्यांकअनुसार नेपालमा खेतीयोग्य जमिन ३१ लाख हेक्टर छ । सरकारले प्रकाशित गरेको २०७६ को कृषि डायरीमा १० लाख हेक्टर जमिन बााझो रहेको उल्लेख छ। यो तथ्यांकलाई आधार मानेर हिसाब गर्ने हो भने पनि नेपालमा खाद्यान्न अपुग हुन्छ। एक हेक्टरमा बार्षिक ३ मेट्रिक टन उत्पादन हुन्छ। यस हिसाबले २० लाख हेक्टर जमिनबाट ६० लाख मेट्रिक टन उत्पादन हुने भयो तर नेपाललाई वार्षिक ९० लाख मेट्रिकटन खाद्यान्न आवश्यक पर्छ। एकातिर कृषि श्रमिकको अभावमा खेति योग्य जमिन बाँझो हुँदै जाने र अर्कातिर वार्षिक खर्बौं रूपैयाँको खाद्यान्न आयात गर्नुपर्ने अवस्थामा नेपाल पुगेको छ। नेपाल यो अवस्थामा पुगेको एक्कासि होइन। यसका संकेतहरू करिब आधा शताब्दी अघि नै देखिएका थिए। दूरदर्शी राजनेता बिपी कोइराला कृषिवद् होइनन्, न त अर्थविद् नै हुन्। तर उनले विसं २०३० सालमै यो समस्या आउने संकेत गरेका थिए। त्यतिबेला विविसि विश्व सेवाका मणि राना र ध्रुवहरि अधिकारीलाई अन्तर्वाता दिदैं विपिले भनेका थिए- 'ग्रामीण क्षेत्रको विकासलाई यसरी नै नजरअन्दाज गर्ने हो भने भोली गाउँहरू खाली हुनेछन्, जग्गा जमिन बाँझो हुनेछ, मुलुक खाद्यान्नमा परनिर्भर हुनेछ।' जनसंख्याको वृद्धिसँगै खेतियोग्य जमिनको अपुग हुने प्रक्षेपण गरेर बसेका तत्कालीन अर्थ तथा कृषि विज्ञहरूले बिपी कोइरालाको यो भनाईलाई खासै नोटिसमा लिएनन्, तत्कालीन शासक राजा वीरेन्द्रले पनि यो पाटोतर्फ खासै सोचेनन्, तर अहिले आएर पुष्टि भयो।

यतिबेला विश्वका विभिन्न ८४ वटा मुलुकमा ४० लाख नेपाली युवाले रोजगारी गरिरहेका छन्। उनीहरूका श्रीमती तथा छोराछोरीहरू शहर बजारमा डेरा लिएर बसिरहेका छन्। गाउाघरमा बुढाबुढी मात्रै छन्। जग्गा जमिन बााझिएका छन्। यो समस्या पहाडी क्षेत्रमा बढी छ। सिंचाई तथा मलको अभावका कारण कृषि उत्पादनको लागत धेरै नै महंगो छ। आफूले उत्पादन गर्नेभन्दा सस्तो मूल्यमा भारतबाट खाद्यान्न आउने भएकोले गाउँका युवाहरू जमिन बाँझो राखेर वैदेशिक रोजगारीमा गइरहेका छन्। समयमै गाउँमा विकासका पूर्वाधार पुऱ्याइएको भए, सिँचाइको सुविधा तथा उचित बजारको प्रबन्ध गरिएको भए नेपालका गाउँहरू यसरी खाली हुने थिएनन्। अब सहरमा आइसकेको मानिसलाई गाउँमा फर्काउन सजिलो छैन। गाउँमै रोक्ने वातावरण पहिले नै बनाउनुपर्थ्यो।

बिपी कोइरालाले नेपालको ग्रामीण क्षेत्रको भविष्य प्रक्षेपण गरे यताको यो ५० वर्षको अवधिमा मुलुकमा धेरैपटक सरकार परिवर्तन भए। कृषि मन्त्रालयको नेतृत्व ३५ जना नेताले संहाली सकेको तथ्यांक छ। तर बिपी कोइरालाको यो मार्गदर्शनको स्मरण भने २०५१ सालमा मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकारबाहेक अरूले गरेको देखिएन। उक्त सरकारले आफ्नो गाउँ आफैं बनाउँ कार्यक्रम अघि सार्दै गाउँविकास समितिका लागि प्रयाप्त विकास बजेट विनियोजन गरेको थियो। फलस्वरूप ग्रामिण क्षेत्रमा सडक निर्माण भए, विद्युतीकरण भयो, तर पनि गाउँमा मान्छेहरू अडिएनन्, किनकी 'आाफ्नो गाउँ आफैं बनाउँ' कार्यक्रम ल्याउन ढिलाई भइसकेको रहेछ। यसैगरी सिँचाइका लागि 'आफ्नो गाउँ आाफै बनाउँ' कार्यक्रमको बजेटले धान्न सकेन। पहाडी जिल्लामा सिंचाइको कार्यक्रम ल्याउन सरकारले सकेन। कुलो या नहरबाट पहाडी क्षेत्रमा सिँचाइको सुविधा पुऱ्याउन सकिने अवस्था छैन। यो प्रविधिका लागि भूगोल नै अनुकल छैन। तल नदीबाट पानी तानेर घरघरमा २४ सै घण्टा धारा आउने व्यवस्था बाहेक पहाडी क्षेत्रमा सिँचाइका लागि अर्को सहज विकल्प छैन। घरघरमा २४ सै घण्टा पानीको धारा आउने प्रवन्ध गर्ने हो भने पहाडी क्षेत्रका गाउँहरू पहिलेकै जस्तो गुल्जार हुने सम्भावना अझै जीवित छ।

# सती प्रथाको पुनरावृत्ति



अञ्जु कार्की

> सत्तारुढ नेकपाका कार्यकर्ता दुई कित्तामा बाँढिए। एउटा कित्ताले भन्यो-' सती प्रथाको पुनरावृत्ति नगरौं।' अर्को कित्ता भने- ' चिताबाट भाग्छिन् कि भनेर लाठो लिएर खडा भयो , चिच्याउँछिन् कि भनेर एकोहोरो शंख फुक्न थाल्यो। आखिर उपसभामुख तुम्वाहाम्फेको केही लागेन। लाठी र शंख लिएर खडा भएको झुण्डकै जित भयो

करिब एक सय वर्षअघिसम्म पनि नेपालमा सतीप्रथा कायम थियो। श्रीमानको मृत्यु पछि श्रीमतीलाई बाँच्ने अधिकार थिएन। जिउँदै लगेर मृतक श्रीमानको चितामा जलाइन्थ्यो। जिउँदै आगोको मुस्लोमा बस्न कसको मन मान्थ्यो र ? उनीहरू छटपठाउँथे , भाग्न खोज्थे , चिच्याउँथे। भाग्न नपाउन भनेर ५-७ जना मुस्तण्डेहरू चिताको वरिपरी लाठो लिएर बस्थे। जब आगोको मुस्लो दनदनी हुन्थ्यो तब मुस्तण्डेहरूले लाशसँगै छटपाटाएकी महिलालाई लाठोले चुटेर बेहोस बनाउँथे। चिच्याएको आवाज टाढा नजाओस् भनेर चिताको नजिकै एकोहोरो बाजाको प्रबन्ध गरिन्थ्यो। नेपालमा राणाशासकहरूले राम्रा काम गरेका उदाहरण ज्यादै थोरै छन्। तिनै थोरैमध्येको एउटा उदाहरण हो-'सतीप्रथाको उन्मुलन।'

नेपालको राजनीतिमा यतिबेला सतीप्रथाको पुनरावृत्ति भएको हो कि जस्तो देखिएको छ। करिब् सचिलायकी महिला कर्मचारी रोशनी शाहीमाथि जबरजस्तै करणी गरेको आरोप लागेपछि गत आसोज १४ गते सभामुख कृष्णबहादुर महाराले पदबाट राजीनमा दिए। उनको राजीनामा पछि करिब्मा करिब दुई तिहाई बहुमत भएको पार्टी नेकपाले उपसभामुख डा. शिवमाया तुम्वाहाम्फेलाई राजीनामा दिन दिर्नेशन दियो। उपसभामुख डा. तुम्वाहाम्फे तयार भइनन्। उनले प्रश्न राखिन-' गल्ती सभामुख महराले गर्ने, उनीसँगै मैले पनि राजीनामा दिनु पर्ने किन ?' अर्थात् उनी चितामा चढ्न तयार भइनन्। पार्टीका शीर्ष नेताहरूसँग भेटेर उनले भनिन्-' ४० वर्ष निरन्तर राजनीति गरेकी छु , कानुनको विज्ञ हुँ , नेपाली महिला आन्दोलनको विषयमा विद्यावारिधी पनि गरेकी छु , करिब दुई वर्ष उपसभामुखका रूपमा काम पनि गरें , अहिले संयोगले सभामुख पद रिक्त भयो, सभामुखको जिम्मेवारी मलाई नै दिनोस्।' उपसभामुख डा.तुम्वाहाम्फे चितामा चढ्न तयार नभएको कुरा मिडियामार्फत सार्वजनिक भयो। सत्तारुढ नेकपाका कार्यकर्ता दुई कित्तामा बाँढिए। एउटा कित्ताले भन्यो-' सती प्रथाको पुनरावृत्ति नगरौं।' अर्को कित्ता भने-' चिताबाट भाग्छिन् कि भनेर लाठो लिएर खडा भयो , चिच्याउँछिन् कि भनेर एकोहोरो शंख फुक्न थाल्यो। आखिर उपसभामुख तुम्वाहाम्फेको केही लागेन। लाठी र शंख लिएर खडा भएको झुण्डकै जित भयो। विगतमा पनि उपसभामुख चित्रलेखा यादव महिला भएकै कारण सभामुख बन्नबाट वञ्चित भएकी थिइन्। सभमुख तारानाथ रानाभाटले राजीनामा दिएपछि सभामुख पद रिक्त भयो। जनआन्दोलनमा ठूलो योगदान पुऱ्याएकी चित्रलेखा यादवलाई सभामुखको दौडकी एक मात्रै प्रतियोगीका रूपमा हेरिएको थियो। तर नेकपा एमालेले एकाएक वार्गेनिङ सुरु गऱ्यो। आफ्नो पार्टीले सभामुख पद नपाउने हो भने शान्ति प्रक्रियामा सहयोग नगर्ने एमालेको अडानका अगाडि नेपाली कांग्रेस झुक्न बाध्य भयो। यसरी एमालेले सुवास नेम्वाङलाई सभामुख बनायो। भलै नेम्वाङ सभामुख पदका लागि योग्य नेता थिए। अहिलेका अग्नि सापकोटा जस्तो विवादित थिएनन्। त्यतिबेला सभामुख तारा भाटसँगै उपसभामुख चित्रलेखा यादवलाई सती जानु पनि परेन, तर यस पटक भने धेरै नै अनर्थ भयो। ज्यादै ठूलो तिकडम रचियो। सती प्रथा पुनरावृत्त गराउन खोज्नेहरूले अमेरिकी सहयोग एमसिसिलाई पनि यही प्रकरणमा मिसाए। डा. तुम्वाहाम्फेलाई सभामुख बनाइए एमसिसि विधेयकको विपक्षमा मतदान गर्ने सम्मका धम्कीहरू सडकमा पोखिए।

महिलाका रूपमा जन्मनु बाहेक डा. तुम्वाहाम्फेको कुनै कमजोरी देखिँदैन। आखिर नेपाल कम्युनिस्ट पार्टी महिला प्रति किन यति अनुदार ? अहिले धेरैले यो प्रश्न उठाएका छन्। तर नेपालको सन्दर्भमा मात्रै होइन, कम्युनिस्ट पार्टीको संगठनात्मक संरचना नै पितृसत्तात्मक हुन्छ भन्ने कुरा धेरैलाई थाह छैन। नेपालका सन्दर्भमा मात्रै होइन विश्वका कुनै पनि कम्युनिस्ट पार्टी तथा कम्युनिस्ट सत्तामा महिला नेतृहरूले मेरिटका आधारमा स्थान पाएका उदाहरणहरू छैनन्। उदाहरणका लागि रोजा लक्जेम्वर्ग र क्लारा जेटकिनलाई लिन सकिन्छ। श्रमिक र महिलासँग जोडेर कम्युनिस्ट आन्दोलनलाई प्राण भरेको रोजा लक्जेम्वर्ग र क्लारा जेटकिनले नै हो। तर जब नेतृत्व तहमा पुग्ने सम्भावना उनीहरूको देखियो तब पितृसत्तात्मक नेतृत्वले उनीहरूलाई पार्टीबाटै घोक्रेठ्याक लगाइदियो। सबै देशका कम्युनिस्ट सत्ता तथा कम्युनिस्ट पार्टीका प्रभावशाली महिलाहरूले रोजा लक्जेम्वर्ग र क्लारा जेटकिनकै नियति बोहोरिरहेको देखिन्छ। उदाहरणका रूपमा चिनियाँ कम्युनिस्ट पार्टी र नेपाल कम्युनिस्ट पार्टीलाई हेरौं।

चिनियाँ कम्युनिस्ट पार्टी: चिनियाँ कम्युनिस्ट पार्टी विश्वकै सबैभन्दा ठूलो कम्युनिस्ट पार्टी हो। यसको सदस्य संख्या १० करोडभन्दा माथि छ। करिब दुई वर्षअघि सम्पन्न त्यसको १९ औं महाधिवेशनले सात जनाको स्थायी समिति निर्माण गरेको छ। जसमध्ये पाँच जना नयाँ अनुहार छन्। यसमा एक जना पनि महिला अट्न सकेनन्। चीनयाँ कम्युनिस्ट पार्टीमा २५ सदस्यीय पोलिटब्युरो छ। जसमा सन चुनलान नामक गरेकी एक मात्रै महिला पोलिटब्युरो सदस्य छन्। उनी जनवादी गणतन्त्र चीन स्थापनापछि प्रान्तीय पार्टी प्रमुख हुने दोस्रो महिला हुन्। चिनियाँ कम्युनिस्ट पार्टीमा अहिलेसम्म एक जना पनि महिला स्थायी समिति सदस्य बन्न सकेका छैनन्। १९ औं महाधिवेशनमा उपस्थित दुई हजार दुई सय ८० प्रतिनिधिमध्ये करिब एक चौथाइ मात्रै महिला थिए। १० करोडभन्दा बढी पार्टी सदस्य भएको चिनियाँ कम्युनिस्ट पार्टीमा २६ प्रतिशत मात्रै महिला सदस्य छन्। सन् २०१२ को महाधिवेशनबाट पनि ३३ जनामात्रै केन्द्रीय समितिमा परे। पोलिटब्युरोमा दुई महिलामात्र अटाए।

नेपाल कम्युनिस्ट पार्टी: अहिले नेकपाको ९ सदस्यीय शक्तिशाली सचिवालय छ, जसमा महिलाको उपस्थिति शून्य छ। सिंगो केन्द्रीय कमिटीभित्र निर्वाचन आयोगले तोकेको मापदण्ड पनि पूरा भएको नेपाल कम्युनिस्ट पार्टीकी संस्थापक मोतिदेवी श्रेष्ठको के कस्तो कन्तो विजोग भयो ? सबैका आँखा अगाडि छर्लङगै छ। जनआन्दोलन २०४६ को नेतृत्व लोकतन्त्रवादी कित्ताबाट गणेशमान सिंहले गरेका थिए , वामपन्थी कित्ताबाट सहाना प्रधानले नेतृत्व गरेकी थिइन। तर माले र मार्क्सवादीको एकीकरण गरी एमाले बनाइए पछि सहना प्रधानको हैसियत कहाँबाट कहाँ खसालियो ? अहिलेको पुस्ताले देखे जानेकै कुरा हो। सहाना प्रधानका अन्तिम दिनहरू मोतिदेवी श्रेष्ठका भन्दा खासै फरक छैनन्। सहाना प्रधानपछि अब पाइपलाइनमा छिन् अष्टलक्ष्मी शाक्य। त्यसपछिको पाइप लाइनमा सायद डा.शिबमायाँ तुम्वाहाम्फे पर्नेछिन्। किनकी उपसभामुख तुम्वाहाम्फेले सभामुख पदको दाबी गरेर कम्युनिस्ट पार्टीभित्र ठूलो ' अपराध' गरिसकेकी छिन्। यस पंक्तिकारको सुझावलाई बुर्जवाको तप्काबाट गरिएको गालीका रूपमा लिएलान सायद कम्युनिस्ट पार्टीका पुरुष मित्रहरूले तर नेपालमा कम्युनिस्ट पार्टी, यसको आन्दोलन, सत्तायात्रा कहाँबाट कहाँ पुग्दैछ, यसबारे नेतृत्व स्पष्ट हुनु जरुरी भइसकेको छ। यतिबेलाको उदार लोकतन्त्रमा कम्युनिस्ट पार्टीका कार्यकर्ताहरूले बुभ्न्नपर्ने कुरा धेरै छन्। नेपाली समाजमा वर्गहरू मात्र छैनन्, जातहरू पनि छन्, जातहरू मात्र छैनन् क्षेत्रीय विभेदहरू पनि छन्।

क्षेत्रीय विभेदहरू मात्रै छैनन्, लैंगिक विभेदहरू पनि छन्। समाजमा स्वतन्त्रताको आकांक्षा पनि छ। यौन पनि छ। रोग पनि छ। फरक फरक क्षमता पनि छन्। कम्युनिस्ट पार्टीमा पितृसत्तात्मक अधिनायकवादले जरो गाड्नुको मुख्य कारण पहिलो त सैन्य संरचनामा आधारित पार्टी निर्माण गरिनु हो भने दोस्रो कारण पार्टीको समग्र संरचना र चिन्तन प्रणाली केन्द्रमुखी हुनु हो।

नेकपामा अहिले अझ हाबी भएको पितृसत्तात्मक केन्द्रवादले लोकतान्त्रिक प्रक्रियालाई कमजोर बनाउने खतरातर्फ संकेत गरिसकेको छ। केन्द्रवाद भनेको मार्क्सवादी चिन्तन प्रणाली नभएर लेनिनवादी तथा माओवादी चिन्तन प्रणाली हो। अहिले नेकपाको पार्टी सञ्चालनमा मात्रै होइन राज्य सञ्चालनमा पितृसत्तात्मक केन्द्रवाद हावी भएको छ। लोकतन्त्रलाई नाममा मात्रै सिमित गर्ने प्रयास हुन थालेका छन्। यसले नयाँ संविधानलाई कमजोर बनाउने पक्का छ।

विश्व राजनीतिको पछिल्लो इतिहासलाई हेर्ने हो भने पितृसत्तालाई तोड्दै धेरै महिलाहरूले आफ्नो नाम इतिहासमा अंकित गराएको पाइन्छ। उदाहरणका लागि भारतकी इन्दिरा गान्धी, इजरायलकी गोल्डा माएर, बेलायतकी मारगारेट थ्याचर, अर्जेन्टीनाकी इसाबेला पेरोल, पाकिस्तानकी बेन्जर भुट्टोलगायतका महिला नेतृहरूले पनि आफ्नो देशलाई उत्कृष्ट नेतृत्व प्रदान गरेका थिए। त्यसैगरी श्रीलंकककी चन्द्रीका कुमारा तुंगा बंलादेशकी खालिदा जिया, शेष हसिना इन्डोनेशियाकी मेघा वर्ति सुकार्नो भारतकी सोनिया गान्धी, अमेरिकाकी कन्डो लिजाराईस, हिलारी क्लिन्टन, म्यानमारकी आङ साङ सुकीजस्ता नया पुस्ताका महिला नेतृहरू आज पनि विश्व इतिहासमा आ-आफ्नो प्रभाव जमाइरहेका छन्। तर यी महिला कम्युनिस्ट मुलुकका होइनन्। न त कम्युनिस्ट पार्टीका हुन्।

# येले दोङ (संवत्) ५०८० कि ३७९९ ?



निनाम कुलुङ "मंगले"

> जुन समयमा श्री ३ महाराजहरूले बोलपछि वा भनौँ उर्दी जारी गरेपछि जुन जमाना (१०४ वर्षे राणा शासनकाल) मा 'कालको औषधि छैन, हुकुमको जवाफ छैन ' भनी देशैभरिका ढाक्रे, रैती, सन्त-महन्त, साहू-महाजन, फिरंगी, व्यापारी, भित्रीया-बाहिरिया, आर्शिवचन दिने बडागुरू ज्यु, साइत हेर्न पुरोहित सबै-सबैले शिरोपर गर्थे/मान्थे

येले संवत् ५०८० चलाउने कि ३७९९ (विसं २०७६ हुँदा) चलाउन भनी किरातीहरूबीब लामो समयदेखि विवाद छ। हालै एक अनलाइनले यस सम्बन्धमा यलम्बर फाउन्डेसनको नाममा जारी भएको अपिल' शीर्षकको समाचार वा भनौं फिचर प्रकाशित गरेको थियो। तर, त्यसरी सबै किरातीहरूलाई येले दोङ सम्वत् ५०८० होइन, ३७९९ लाई मानौं भनी अपिल गर्ने संस्था 'यलम्बर फाउन्डेसन' (किरातोलोजी रिसर्च सेन्टर) भन्ने संस्थाका विद्धान वा बद्धीजीवी कामरेडहरूका नजरमा कथित् राई जाति !, लिम्बु, सुनुवार र याक्खा) मात्रै पर्ने गरेको छ। उनीहरूले के बिर्से जस्तो लाग्यो भने, भोलि साँच्चै वैज्ञानिक ढंगले अध्ययन-अनुसन्धान गर्दा जाति हुनलाई चाहने कुनै आधार नै नभएको कथित् राई जातिको नाममा खुलेको एनजिओ (समाज कल्याण परिषद् दर्ता नम्बर-२६५६ र, रजिस्टर्ड नम्बर-३२८/०४९/०५०) का हर्ताकर्ता राई सर राईनी म्याडमहरूको हाहाहुहु (हुन सक्छ, हजुरहरूलाई उनीहरूबाट दवाव पनि होला !) मा हामी किन कुदीरहेका छौं ? भन्ने बिर्सेका छन्। त्यसैले यो 'केही नजान्ने कुलुङे ढाके ' को विशेष आग्रह के हो भने, त्यसरी उर्दी जारी गर्ने 'यलम्बर फाउन्डेसन' (किरातोलोजी रिसर्च सेन्टर) भन्ने संस्थाका हर्ताकर्ताहरू साँच्चै पढेरै प्राध्यापक, डाक्टर, विज्ञ वा विद्धान भएको हो भने, तपाइँहरू जस्ता पढालेखा, बुद्धिजीवी विज्ञ, विद्धान र डाक्टरहरू समेत लहैलहैमा कुद्नु भएन। कि तपाइँहरू नपढेरै बुद्धिजीवी, प्राध्यापक,विज्ञ, विद्धान वा डाक्टर हुनु भयो ? त्यसैले हजुरहरू पढेरै बुद्धिजीवी, प्राध्यापक वा डाक्टर भएको हो भने, कामेरडहरू हो। भोलि साँच्चै वैज्ञानिक ढंगले अध्ययन-अनुसन्धान गर्दा जाति हुनलाई चाहिने कुनै पनि आधार नभएको कथित् राई जातिको नाममा खुलेको एनजिओका हर्ताकर्ता राई सर राईनी म्याडमहरूको हाहाहुहु दवावमा कहिलेसम्म कुद्नु हुन्छ ? यसबारेमा अझै पनि मेरो प्रश्न रहेको छ। त्यसैले बरू अब तपाइँहरूमध्ये कोही न कोही तत्कालीन युनान (हाल ग्रिस) का दार्शनिक सुकरात भएर निस्कनुहोस्। सुकरातका बारेमा के भनिन्छ भने, त्यो वेलाका धार्मिक गुरूहरूले पृथ्वी चेप्टो छ भन्ने मान्यता राख्थे। तर, दार्शनिक सुकरातले अध्ययन गरेर, बुझेर सिद्धान्ततः पृथ्वी चेप्टो होइन, गोलो छ भने, तर, त्यो वेलाको धर्मभीरू समाजमा रहेका धर्म गुरूहरूको जमातले दार्शनिक सुकरातको मतलाई स्वीकार गर्नुभन्दा उनलाई 'हेमलक' नामक विष पिलाएर मारे वा भनौं मर्न बाध्य पारे, तर, त्यो वेला 'हेमलक' नामक विष पिएर मरेका दार्शनिक सुकरात सही थिए भन्ने त आज विश्वभरि नै प्रमाणित भएको छ।

त्यसैले, फेरि पनि बुद्धिजीवी, प्राध्यापक वा डाक्टर कामेरडहरूलाई यो केहीनजान्ने कुलुङे 'ढाके'को आग्रह छ है, 'कथित् राई जातिको नाममा खुलेको एनजिओका हर्ताकर्ता राई सर राईनी म्याडमहरूको उर्दी बाँकी सबै किराती जातिहरूलाई मान' भन्दै नहिँड्नु होस्।

हुन त यलम्बर फाउन्डेसन (किरातोलोजी रिसर्च सेन्टर) का बुद्धिजीवीहरूले यसरी अपिल (उर्दी !) जारी गर्नुअघि सो संस्थाका बुद्धिजीवी (सो फाउन्डेसनमा केही थान त डाक्टर पनि हुनुहुन्छ क्यारे ) कामेरडहरूले भोलि साँच्चै वैज्ञानिक ढंगले अध्ययन-अनुसन्धान गर्दा जाति हुनलाई चाहिने कुनै आधार नै नभएको कथित् राई लिम्बु, सुनुवार र याक्खा मात्रै नभएर यो देशमा विसं २०६८ को राष्ट्रिय जनगणनामा अलग्गै जातिका रूपमा उल्लेख भएका कुलुङ लगायत १२ वटा किराँती जातिहरू पनि छन्! भन्ने थाहा नपाएकै हुन् त ? कि यी बुद्धिजीवी भनिने र भनाइने कामरेडहरूले यसरी अपिल (उर्दी !) जारी गर्नुअघि ती जातीय संघ-संस्थाका अगुवा अथवा प्रतिनिधिहरूसँग छलफल गर्नु आवश्यक नै ठानेनन् ? वा भुलचुक भएको हो ? अथवा यो केहीनजान्ने कुलुङे 'ढाके'ले थाहा नपाइकनै उनीहरूसँग छलफल र बहस गर्नुभयो ? अथवा उनीहरूलाई अब येले सम्बत् मान्दा वा लेख्दा ५०८० होइन, ३७९९ लाई मानौं वा लेखौं भनी छलफल र बहसका लागि निम्तो दिनु भयो ? वा भनौं छलफल र बहस गर्न आमन्त्रण गर्नुभयो ? कि यलम्बर फाउन्डेसन (किरातोलोजी रिसर्च सेन्टर) वाला कमरेडहरूको नजरमा पनि ४ किरातीहरू जस्तै कथित् राई, लिम्बु, सुनुवार (कोइँच) र याक्खा) मात्रै पर्छन् ? हुन त यलम्बर फाउन्डेसन (किरातोलोजी रिसर्च सेन्टर) लापनि एक एनजिओ नै हो क्या र ? त्यसैले आइएनजिओ र एनजिओहरूले कनै पनि समुदाय, कुनै जातजाति, कुनै भाषाभाषी, धार्मिक समूह, वर्ग आदिलाई 'यसो गर, उसो गर !' भनी उर्दी जारी गर्न मिल्छ, मिल्दैन ? प्रश्न गम्भीर छ।

त्यसैले, यलम्बर फाउन्डेसन (किराँतोलोजी रिसर्च सेन्टर) वाला कमरेडहरूले भनेको चार किरातीहरूले नै मान्छन् कि मान्दैनन् ? प्रश्न छँदैछ। त्यसैले, यलम्बर फाउन्डेसन (किरातोलोजी रिसर्च सेन्टर) वाला कमरेडहरूको गन्तीमै नभएको हामी विसं २०६८ को जनगणनामा उल्लेख भएका २८ हजार ६ सय ३३ जना जनसंख्या भएको कुलुङ लगायत १२ वटा किराँतीहरू र, थामी, हायु, जिरेल, सुरेल, धिमालहरूलाई उहाँहरूको उर्दी नलाग्ने होला। (त्यसो त यलम्बर फाउन्डेसन (किराँतोलोजी रिसर्च सेन्टर) वाला कमरेडहरूको अपिल (उर्दी) मा थामी, हायु, जिरेल, सुरेल, धिमालको नाम लिस्ट उल्लेख/समावेश गरिएको छ।) हरूलाई उहाँहरूको उर्दी नलाग्ने होला ! फेरि त्यसरी उर्दी जारी गर्नुअघि विसं २०६८ को जनगणनामा उल्लेख भएका २८ हजार ६ सय ३३ जना जनसंख्या भएको कुलुङलगायत १२ वटा किरातीहरूलाई उहाँहरू जस्ता पढालेखा र डाक्टर भनिएका मान्छेहरूले नै नेपाल सरकार (राज्य) गरेको जनगणनामा उललेख भएको वा भनौं विसं २०६८ को जनगणनामा अलग्गै जातिका रूपमा आएका जातिहरूलाई नै कमरेडहरूको गन्तीमै नभएको हामी (विसं २०६८ को जनगणनामा उल्लेख भएका २८ हजार ६ सय ३३ जना जनसंख्या भएको कुलुङ लगायत १२ वटा किराँतीहरू र, थामी, हायु, जिरेल, सुरेल, धिमालहरूलाई उहाँहरूको उर्दी नलाग्ने होला। (त्यसो त यलम्बर फाउन्डेसन (किरातोलोजी रिर्सच सेन्टर) का कामरेडहरूले यो जमाना भनेको त्यो जमाना होइन अर्थात् १०४ वर्षे जहाँ नियाँ राणा शासनको समय होइन भन्ने नबुझेको कहाँ होला र ? जुन समयमा श्री ३ महाराजहरूले बोलपछि वा भनौं उर्दी जारी गरेपछि जुन जमाना (१०४ वर्षे राणा शासनकाल) मा 'कालको औषधि छैन, हुकुमको जवाफ छैन ' भनी देशैभरिका ढाके, रैती, सन्त-महन्त, साहू-महाजन, फिरंगी, व्यापारी, भित्रीया-बाहिरिया, आर्शि वचन दिने बडागुरूज्यु, साइत हेर्न पुरोहित सबै-सबैले शिरोपर गर्थे/मान्थे।

अर्को भनेको यलम्बर फाउन्डेसन (किरातोलोजी रिसर्च सेन्टर) वाला कमरेडहरूको नजरमा पनि ४ किराती कथित् राई, लिम्बू, सुनुवार (कोइँच) र याक्खा) मात्रै पर्छन् ? हुन त यलम्बर फाउन्डेसन (किरातोलोजी रिसर्च सेन्टर) पनि एक एनजिओ नै हो क्या र। तर, एनजिओ नै भए तापनि हामी (आठपहरिया, कुलुङ, मेवाहाङ आदि, जो विसं २०६८ को राष्ट्रिय जनगणनामा अलग्गै जातिका रूपमा उल्लेख भएका जातिहरू छौं कुलुङलगायत १२ वटा किराँतीहरू) सँग के हो, कसो हो ? भनी छलफल र बहस गरेर निचोड निकालेको भए धेरै राम्रो हुन्थ्यो होला। तर, के गर्नु, पढालेखा, बुद्धिजीवी, प्राध्यापक, डाक्टर भनिएका कामरेडहरू नै ... भएपछि कसको बाबुको के लाग्छ र ?

त्यसैले, आगामी दिनमा किरात र किरातीहरू बारेको वास्तविकता बुझेर सबै किरातीहरूलाई समेटेर लानु होला वा अपिल/उर्दी जारी गर्नु होला भन्ने आशा गरिएको छ।

# टहरामै कंकेश्वरी देवी !

पूर्णप्रसाद मिश्र

पाँच वर्षअघिको भूकम्पले भत्किएको कंकेश्वरी मन्दिर पुनःनिर्माण भएको आठ महिना बितेको दाबी गरिए पनि चामुण्डा देवीको पूजा भने अझै इशान कोणको कुनामा बनेको टहरामै भइरहेको छ ।

पुरातत्व विभाग र निर्माण व्यवसायीले मन्दिर पुनःनिर्माण सम्पन्न भएको आठ महिना भइसक्यो भनिरहेका छन् । भूकम्पपछि बाहिर पूजा भइरहेको देवीलाई मन्दिरभित्र प्रतिष्ठा गरिएको छैन । विसं २०७३ चैत ५ गते पुनःनिर्माण सुरु भएको मन्दिरको काम २०७६ जेठ २१ गते सम्पन्न भएको विभागका इन्जिनियर पूर्णबहादुर श्रेष्ठले बताए । 'मन्दिर पुनःनिर्माण समयमै सकिएको हो, म्याद थप पनि गरिएन, मन्दिर पुनःनिर्माणको लागत तीन करोड १४ लाख रुपैयाँ थियो, तीन करोड १२ लाख रुपैयाँमा तुलसी/राज जेभीले ठेक्का पाएको थियो' उनले भने ।



मन्दिर पुनःनिर्माण गरेको तुलसी/राज जेभीका प्रबन्ध निर्देशक राम साहले देवीको मूर्तिलाई मूल मन्दिरमा सार्न क्षमा पूजा गर्न आफूले बजेट दिन नसक्दा टहरामै पूजा भइरहेको बताए ।

उनले भने, 'मन्दिर क्षेत्रमा १७ वटा जति समिति छन्, पुनःनिर्माणका क्रममा गोदामघरमा सामान राखेको भाडा महिनामा २० हजार रुपैयाँ तिर्नुपर्‍यो, एउटा समितिले यो गर भन्छ, अर्कोले त्यो भत्काऊ भन्छ, यसले गर्दा काम गर्न पनि गाह्रो भयो, क्षमा पूजा र भोजका लागि करिब डेढ लाख खर्च लाग्छ, दिने बजेट छैन भन्दा देवी नसारिएको हो ।'

विभागले ठेक्का आह्वान गर्नुअघि नै स्थानीयवासीले पुनःनिर्माण समिति गठन गरी सामुदायिक स्तरबाट मन्दिर बनाउन खोजेका थिए । समितिका अध्यक्ष राजुराज जोशी स्थानीयवासीसँग विभागले मतलब नै नराखी ठेक्का आह्वान गरेको बताउँछन् ।

'विभागले ठेक्का छनोट गरी पठाएको निर्माण व्यवसायीले क्षमा पूजा गरी मन्दिर भत्काएर काम सुरु गर्न नसकेपछि समितिलाई गुहार्‍यो, हामीले सहजीकरण गरी काम अघि बढाउन सहयोग गरेका हौँ,' उनले भने ।

पुनःनिर्माणका क्रममा निर्माण व्यवसायीले मन्दिरको ड्इङ डिजाइन नदेखाएको, पुनःनिर्माण स्थलमा सूचना पाटी समेत नराखेको समितिले जनाएको छ । पुरानो स्वरुपअनुसार मन्दिर बनेन भन्ने गुनासो बढेकाले जाँच गर्दा त्यस्तो नदेखिए पुनःनिर्माण दोहोर्‍याउन लगाउने अध्यक्ष जोशीले बताए ।

पुनःनिर्माणका लागि अर्थ मन्त्रालयबाट बजेट विनियोजनका लागि पूर्वमन्त्री नवीन्द्रराज जोशीमार्फत समितिले भूमिका खेलेको उनले बताए ।

विभागको हेलचेक्र्याइँका कारण भूकम्पले क्षतिग्रस्त कंकेश्वरी मन्दिर पुनःनिर्माण हुँदा पहिलेको भन्दा १४ इञ्च चौडाइ घटेको स्थानीयवासीको गुनासो छ ।

काठमाडौं महानगरपालिका -१९ स्थित विष्णुमती किनारमा रहेको मन्दिरका पुजारी, नाइके, स्थानीयवासी लगायतले पहिलेकै स्वरुपमा मन्दिर पुनःनिर्माण हुनुपर्ने माग गर्दा पनि विभागले ठेक्का लगाएका निर्माण व्यवसायीले मानेनन् । विभागका प्रविधिज्ञ मन्दिर पुनःनिर्माणका क्रममा नभेटिएको समेत स्थानीयवासीको दुःखेसो छ ।

विसं २०७२ वैशाख अघि नै दक्षिणतिर ढल्किएको मन्दिरमा भूकम्पले क्षति भएपछि चामुण्डा देवीको मूर्ति बाहिर टहरामा राखी पूजा सुरु गरिएको थियो । पहिलेकै स्वरुपमा मन्दिर पुनःनिर्माण नभएपछि देवीको पूजा भने पुनःनिर्माण सम्पन्न भएको आठ महिना बित्दा समेत टहरामै भइरहेको छ । मन्दिरको चौडाइ १४ इञ्चसम्म घटाइएकाले दुई कुनामा पहिले राखिएका ऐना समेत नअटेको हाल मन्दिरमा पूजा समेत गर्दै आएका रेखालु गोविन्द खड्काले बताए ।

'पहिले राखिएको ऐना पुनःनिर्माण सकियो भनेपछि राख्न खोज्दा अटेन, ऐना पनि टहरैमा राखिएको छ, मन्दिर भत्काउनुअघि तस्वीर समेत लिइएन, मन्दिरको चौडाइ घटाएपछि छाएको पाता काटेर छाना छाइयो, काटेको एक बोरा पाता गोदाममा राखिएको छ' उनले भने । चौडाइ घटाइएकै कारण मन्दिरका चार कुनामा राखिएको अर्ना (जंगली राँगा)को सिङसमेत नअटाएर गोदाममै थन्क्याइएको छ । पुरातात्विक महत्वको मन्दिर बनाउने बेलामा मन्दिर पुनःनिर्माण समिति र विभागले समेत ध्यान नदिँदा पुर्खाले दिएको नासो भावी पुस्तालाई हस्तान्तरण गर्न नसकिने अवस्थामा पुगेको स्थानीयवासीको गुनासो छ ।

पुनःनिर्माण गर्नुअघि मन्दिरको इशान कोणमा रहेको घण्ट अड्याउने ढुंगाको बीचबाट छिरेर रङरोगन गर्न सकिने ठाउँ भएकामा अहिले हात छिराउन समेत अप्ठ्यारो हुने ठाउँ मात्र बाँकी रहेको मन्दिरका नाइके लाहुरे देउलाले बताए । निर्माण व्यवसायीले चौडाइ घटाएर पहिलेको भन्दा एक फिट उचाइ बढाएको उनले सुनाए ।

'मन्दिर पहिलेकै स्वरुपमा नबनाई अनियमितता गरेकाले विभागलाई निर्माण व्यवसायीको भुक्तानी रोक्न भनेका छौँ,' मन्दिरका नाइके देउलाले भने । तर विभागले पुनःनिर्माणको भुक्तानी गरिसकेको जनाएको छ ।

मन्दिरको सत्तलमा सामान राखेको भाडा चामुण्डा परिवार नामक गैरसरकारी संस्थाले लिएको र उक्त संस्थामाथि अनियमितता गरेको आरोप लागेको उनले सुनाए । महानगरपालिका-१९ का अध्यक्ष शशीलाल श्रेष्ठले मन्दिरको चौडाइ पहिले भन्दा घटाइएको बताए । 'मन्दिरको चार वटै कुनामा राखिएको सिंहले पनि मन्दिरको चौडाइ घटेको पुष्टि गर्छ, निर्माण व्यवसायीले विभागले दिएको डिजाइन अनुसार नै काम गरेको भने पनि मन्दिरको स्वरुप पहिलेभन्दा बिग्रिएको छ,' उनले भने ।

मन्दिरको उत्तरतिर दुवै कुनामा राखिएका ढुंगामा कुँदिएका सिंहको मूर्ति मिलेको छैन । दक्षिणतिरको भने मिलेको स्थानीयवासीले सुनाए । मन्दिर पुनःनिर्माणका क्रममा विष्णुमती किनार अर्थात् मन्दिरको पश्चिम भागमा रहेको ऐतिहासिक पीपलको रुख समेत काटियो । रुख काट्न आदेश दिनेको भने दुर्गति भएको नाइके देउलाले बताए ।

मन्दिर पुनःनिर्माणको सुरुदेखि नै आयोजना सूचना पाटी समेत राखिएन । यसैले मन्दिर पुनःनिर्माणका लागि तीन करोड रुपैयाँमा ठेक्का दिइएको भनिए पनि वास्तविक मूल्य कति हो भन्ने थाहा नभएको स्थानीयवासीले बताए ।

विभागका प्रवक्ता रामबहादुर कुँवर मन्दिरको पुरानो स्वरुप पुनःनिर्माणका क्रममा नबिगारिएको बताउँछन् । पुरातात्विक महत्वका सम्पदा पहिलेकै स्वरुपमा पुनःनिर्माण गर्ने विभागको नीति रहेकाले त्यसभन्दा तलमाथि हुन नसक्ने उनको भनाइ छ ।

मुख्य सहरमा

कंकेश्वरीलाई अष्टमात्रिकामध्ये एक मानिन्छ । राजधानीको मुख्य सहरमा रहेका कंकेश्वरी, भद्रकाली, इन्द्रायणी, तीनधारा पाठशालासँगैको पासीको अजिमा, नेपाली सेनाको मुख्यालयसँगैको फिपुको अजिमा, टंकेश्वरको तकती अजिमा, नइ अजिमा, नारायणहिटी दरबारभित्रको अजिमालाई अष्टमात्रिकाका रुपमा पूजिन्छ ।

घोडेजात्राका बेलामा कंकेश्वरीको जात्रा हुन्छ । पुरातत्व विभागका निमित्त महानिर्देशक दामोदर गौतमले भूकम्प प्रभावित ३२ जिल्लामा क्षति भएका ९२० सम्पदामध्ये ३८९ को पुनःनिर्माण सम्पन्न भएको बताए ।

उनका अनुसार हाल १५० सम्पदा पुनःनिर्माण भइरहेको छ र चालु आर्थिक वर्षको अन्त्यसम्ममा ५९.५५ प्रतिशत सम्पदा बनाइसक्ने लक्ष्य छ । हनुमानढोका दरबार क्षेत्रका ५४ सम्पदा क्षतिग्रस्त भएकामा २७ को पुनःनिर्माण सम्पन्न भएको छ र हाल १२ को पुनःनिर्माण भइरहेको छ ।

# ९१ वर्षे समलिंगी पादरी



'म जन्मिँदै समलैंगिक थिएँ । तर, मैले त्यो स्वीकार्न सकिनँ । जीवनको अधिकांश समय मैले म त्यस्तो नभएको भए हुन्थ्यो भन्ने सोचेँ,' रेभरेन्ड स्ट्यान्ली अन्डर्हिलले भने । सानो उमेरमै उनले आफू अरूभन्दा भिन्न भएको अनुभूति गरे । तर, कसैलाई भन्न सकेनन् ।

'मैले मेरो भाइलाई पनि सन् २०१८ मा किताब लेख्नुअघि आफू समलैंगिक भएको बताउन सकेको थिइनँ,' उनले बीबीसी आउटलुककी एमिली वेबलाई भने । त्यतिखेर उनी ९१ वर्षका थिए र उनका भाइ उनीभन्दा दुई वर्ष कान्छा थिए ।

'भाइले धेरै केही भनेन,' उनले भने, 'मैले उनलाई र परिवारलाई पहिले नै बताएको भए हुन्थ्यो । तर मलाई उनीहरूले के भन्ठान्लान् भन्ने डर थियो ।' म यस्तो समाजमा हुर्किएँ जहाँ गरिबी, पूर्वाग्रह तथा वर्ग विभाजन थियो,' आफ्नो आत्मसंस्मरणमा उनले दुःखपूर्ण शैलीमा लेखेका छन् । वयस्क हुँदासम्म उनले आफू समलैंगिक भएको संकेत कतै दिएनन् ।उनको जन्म हुनुभन्दा केवल नौ वर्ष पहिले सन् १९१८ मा इंल्यान्डमा महिलाले भोट हाल्ने अधिकार पाएका समलैंगिकले जस्तै अन्डर्हिलले पनि आफ्नो यौनिकता लुकाए । 'मैले जानीजानी यो विषय लुकाएँ । आफैँसँग, अरूसँग र ईश्वरसँग ।'

सानोमा अन्डर्हिल लज्जालु थिए । उनका आमाबुवा परम्परागत मान्यताका थिए । त्यसैले यौनिकताबारे कुरा गर्नु निकै कठीन थियो । 'मलाई आफू को हुँ भन्नेबारे पनि थाहा थिएन । आफूलाई हुने अनुभूतिबारे म वर्णन गर्न सक्दिनथेँ । अरू कसैले पनि बताइदिएनन् । अनि समलैंगिकता भन्ने शब्द त हाम्रो शब्दकोशमै थिएन ।'

उनका बुवा बिजुलीको सामान बनाउने एउटा कारखानामा काम गर्थे । ज्याला निकै कम थियो । परिवारमा आधारभूत आवश्यकताभन्दा अर्थोक उपलब्ध थिएन । अन्डर्हिल भन्छन् उनको बुवासँगको अन्तर्क्रिया केवल उनका केही निर्देशन र गालीमा सीमित हुने गर्थे । 'मलाई लाग्छ उनी मलाई घृणा गर्थे । किन भनेर बताउनचाहिँ सक्दैनथे ।' आमासँगको सम्बन्ध पनि अस्वाभाविक थियो । आमा भन्ने गर्थिन्, 'कहाँबाट आउँछन् यस्ता विचारहरू ?'

पौडी सिक्ने बेला उनले थाहा पाए कि उनी पुरुषको शरीरप्रति आकर्षित हुन्छन् । आफ्नो शरीर (पौडी प्रशिक्षक) देख्दा निक्कै मज्जा आयो ।'

अठार वर्षको उमेरमा अनिवार्य सैन्य सेवाको क्रममा उनले जलसेनामा नर्सको रूपमा प्रवेश गरे । द्वितीय विश्व युद्धपश्चात् उनलाई एचएमएस क्वीनमा खटाइयो । उक्त पानीजहाजमा अमेरिकी सैनिकसँग बिहे गरेका दुलहीहरू थिए । अमेरिकातर्फको उक्त यात्रामा एक महिला यात्रु लडिन् र खुट्टामा चोट लाग्यो । उपचारको लागि अन्डर्हिललाई बोलाइयो । तर धेरै रगत देखेर उनी आफैं बेहोस भए ।'जब मैले आफ्नो आँखा खोलेँ मैले उनलाई (एलेक्स) मलाई हेरिरहेको देखेँ । उनी केही भन्दै थिए । तर मैले केही सुनिनँ । हाम्रा आँखा जुधे र म उनको प्रेममा परेँ ।'

सन् १९४८ मा उनले जलसेना छाडे र एलेक्सका बुवाकहाँ अवैतनिक लेखा सहायकको काम गर्न थाले । 'एलेक्ससँगको सम्बन्ध गजबको थियो । त्यो अवैध वा अप्राकृतिक थियो भन्ने मलाई लागेन ।' तर, अन्डर्हिलले एलेक्ससँगै बस्न इच्छा राख्दा उनले त्यो अस्वीकार्य हुन्छ भन्ने बुझे ।

एलेक्सका बुवाले उनलाई काम छाडेर अन्यत्र जान भने, र एलेक्स पनि अलि परिवर्तित भए । 'हामी दुवैले धर्मग्रन्थ पढ्न थाल्यौँ । मसँगको सम्बन्ध खराब रहेछ भन्ने निष्कर्षमा पहिले एलेक्स पुगे ।' अन्डर्हिलसँग अन्तरङ सम्बन्ध हुँदाहुँदै एलेक्सले एक महिलासँग पनि सम्बन्ध राखे । सन् १९५२ मा एलेक्सले ती महिलासँग बिहे गरे । 'त्यो अत्यन्त पीडादायी थियो, केवल अस्वीकार मात्र थिएन । म अन्योलमा परेँ ।' एलेक्सले उनलाई समलिंगीलाई परिवर्तन गराउने उपचार गर्न सल्लाह दिए ।

'उनले एउटा नोभेम्बर महिनाको बिहान केही साथीलाई भेला गरेर मलाई उनको हात समाएर प्रार्थना गर्न लगाए । उनी उत्साहित थिए,' अन्डर्हिलले भने । 'उनले जीजसलाई पुकारे र मभित्रको दुष्टात्मालाई बाहिर निकालेर समलैंगिकताबाट मुक्ति दिलाउन आग्रह गरे ।'

परिणाम खराब रह्यो । 'त्यसले मलाई थप नराम्रो अनुभव गरायो । म चिकित्सककहाँ गएँ र भनेँ, 'म यो संसारको लागि ठिक छैन । मलाई लैजानुहोस् ।' उनी वेलावेला डिप्रेसनको सिकार भए अन्डर्हिलले निकै प्रयास गरे । केही समयका लागि उनले बाटोमा देखिने पुरुषहरूलाई समेत हेर्न छाडिदिए । आफ्नौ यौनिकता परिवर्तन गर्न निकै प्रयास गरे । ईश्वरलाई पुकारे, तर केही भएन । 'अन्त्यमा एकजनाबाहेक मेरा सबै मित्रहरूले मलाई त्यागिदिए । म समलैंगिक हो भन्ने हल्ला चल्यो ।' उनले घर बेचे र छोटो समयका लागि आमासँग बस्न गए । अन्डर्हिलको अधिकांश जीवनकालमा यूके तथा ब्रिटिश साम्राज्यमा समलैंगिकताविरुद्धको घृणा संस्थागत थियो । सन् १९६७ मा मात्र इंल्याान्ड र वेल्समा समलैंगिकता अपराध होइन् भनेर स्वीकारियो । अहिले पनि विश्वका ६८ देशमा समलैंगिक यौनसम्बन्धलाई कुनै प्रकारको अपराध मानिन्छ । तीमध्ये आधा त विगतका ब्रिटिश उपनिवेश हुन् ।

विख्यात गणितज्ञ एलन टुरिङ पनि यो पूर्वाग्रहको सिकार भएका थिए । उनले नाजी जर्मनीको गुप्त कोड तोडेर दोस्रो विश्वयुद्धको नतिजा नै बदलिदिएका थिए । आफ्नो जीवनभरि एलन टुरिङ पूर्वाग्रहको सिकार भएका थिए ।

सन् १९५२ मा पुरुषसँगको सम्बन्धलाई लिएर उनीमाथि अभद्रताको अभियोग लाग्यो । जेल पर्नबाट जोगिन उनले हर्मोनल उपचार स्वीकारे । तर दुई वर्षभित्रै उनको ज्यान गयो । उनले आत्महत्या गरेको शंका गरिएको थियो । अन्डर्हिलले पनि टेस्टस्टरोन हर्मोन लिएका थिए । तर, त्यसले केवल यौनिक निराशा बढाएको उनी बताउँछन् ।

पछि उनी लन्डन गए । त्यहाँ उनले कैयौँ समलिंगी व्यक्ति भेटे । तर कसैसँग पनि निकट सम्बन्ध बन्न सकेन उनको । अन्डर्हिल २९ वर्षको उमेरमा लन्डन जाँदा उनको कैयौँ समलिंगी पुरुषसँग भेट भयो ।

'मैले प्रेम अनुभव गरेको छु र केही अन्तरंग पुरुष सम्बन्ध राखेको छु । तर यस्तो वातावरणमा ती सम्बन्धले फक्रिने मौका पाएनन,' उनी भन्छन् । उनी एक लेखा कम्पनीमा साझेदारका रूपमा उदाए । तर, फेरि उनको यौनिकता एउटा मुद्दा बन्न पुग्यो । 'उनीहरूले मेरो अनेक किसिमले बेइज्जत गरे । त्यसैले मैले त्यो काम पनि छाडिदिएँ बनाउन चर्चले खेलेको महत्वपूर्ण भूमिकाको सन्दर्भमा उनको छनोट अलि अचम्म लाग्ने खालको हुन सक्छ । धर्मग्रन्थहरूको गलत व्याख्यालाई अन्डर्हिल समस्याको जरो मान्छन् । सानोमा उनी चर्च जान्थे र जीजसलाई मान्थे । गोस्पलहरूमा जीजसलाई जसरी कमजोरको साथ दिने व्यक्तिका रूपमा देखाइन्छ त्यसले मलाई आकर्षित गरेको थियो, उनले पुस्तकमा लेखेका छन् ।

'मैले गोप्य रूपमा उनलाई मेरो मित्र बन्न र मलाई दिशानिर्देश गर्न आग्रह गरेँ ।' पचास वर्षको उमेर पुग्दै गर्दा उनले आफ्नो मार्गनिर्देशकसँग अझ नजिकको सम्बन्ध चाहे । उनी सेन्ट फ्रान्सिस समूहमा आबद्ध भए किनकि त्यहाँ समलैंगिकताविरुद्ध घृणा थिएन । पादरी बन्न उनले क्यान्टर्बरी स्कूल अफ मिनिस्ट्रीमा तीन वर्ष पढे । आफू समलिंगी भएको लुकाएर उनले विभिन्न प्यारिसहरूमा सेवा गरे । आफू समलिंगी भएको लुकाएर अन्डर्हिलले (सेतो पोसाकमा) विभिन्न प्यारिसहरूमा सेवा गरे । 'चर्चका अधिकारीहरूको निरन्तरको आडम्बरका कारण मैले आफूबारे बताउन सकिनँ,' उनले लेखेका छन् । उनी सधैँ खतरामा रहिरहे । एक पटक उनको सहायकमा नियुक्त एक रीडरले उनीबारे बताइदिने धम्की दिए । तर अन्डर्हिल डगेनन् किनकि उनलाई लाग्यो, ती व्यक्तिसँग प्रमाण थिएन ।' चर्चमा व्याप्त आडम्बरको त्यो समयमा उनीबारे कसैले पत्तो पाएन । तर, उक्त घटनाले समलैंगिक लुकाउनुका खतरा भने टड्कारो देखियो । कसैले पनि उनलाई ब्ल्याकमेल गर्न सक्थ्यो ।

चर्चले समलैंगिक नस्वीकारेको विषयमा अन्डर्हिलको पुस्तकमा निकै आलोचना गरिएको छ । आफ्नो पहिलो प्रेमको असफलतापछि कुनै अन्य पुरुषसँग गहिरो सम्बन्ध गाँस्न नसकेको अन्डर्हिलले बताएका छन् । 'चर्चले क्राइस्टले जस्तै करुणा देखाउने ठूला अवसर गुमाएको छ,' उनले लेखेका छन् ।हाल उनी सेवानिवृत्त जीवन लन्डनमा व्यतीत गरिरहेका छन् । साथै समलिंगीप्रति समाजको बदलिँदो व्यवहारबाट खुसी छन् । 'अन्त्यमा यो स्वतन्त्रता थियो,' उनी भन्छन्, तर गहिरा घाउ पूरै निको भइसकेका छैनन् । मेरो सामान्य

# करूणाको एकल कविता



■ सौर्य समाचार

काठमाडौं । धरानलाई कर्मथलो बनाएर साहित्य सिर्जना गरिरहेकी भोजपुरकी कवि करुणा राईको एकल कविता वाचन सम्पन्न भएको छ । राजधानीस्थित बागबजारमा ‘बरण्डामा तिमी’ शीर्षकमा आयोजित एकल कविता वाचन कार्यक्रममा करूणाले आफ्ना १० कविता सुनाइन् । ‘जुत्ता’ शीर्षक कविताबाट वाचन आरम्भ गरेकी उनले ‘आमा’, ‘दाइजो’, ‘अस्पतालमा आप्पा’, ‘भ्रम’, ‘आँसु’, ‘घाइते सम्झना’ सुनाइएर दर्शक तथा स्रोतालाई भावुक, नोस्टालजिक र गम्भीर बनाइन् । उनलाई कवि चन्द्र रानाहँछाले ‘मैले रित्याएको मलाई’ र रेडियोकर्मी सुष्मा राईले ‘याद’ शीर्षकको कविता वाचन गरी सघाएका थिए ।

स्थापित कवि, गीतकार, कलाकार र सञ्चारकर्मी लगायत काव्यअनुरागीहरूको उल्लेख्य उपस्थितिबीच सम्पन्न कार्यक्रमको अन्तिममा सुदीप पाखिनको परिकल्पना तथा वीरेन सुब्बाद्वारा निर्देशित करुणाको ‘बरन्डामा तिमी’ शीर्षक कवितामाथि निर्मित काव्य भिडियो प्रदर्शन गरिएको थियो । युनिक फोटोग्राफी धरानको प्रस्तुति रहेको काव्य भिडियोमा सन्तोष थेबे र जीना तामाङले अभिनय गरेका छन् । उक्त काव्य भिडियो कार्यक्रमको प्रमुख आकर्षण रहेको थियो ।

कार्यक्रममा कवि भूपाल राई, डा. विप्लव ढकाल, प्राज्ञ शशी लुमुम्बू र टीका चाम्लिङले करुणा राईको कवितामाथि समीक्षात्मक मन्तव्य राखेका थिए । मन्तव्यका क्रममा भूपाल राईले करुणाका कविता परिपक्वताले पूर्ण भएको बताए । विप्लव ढकालले चाहिँ करुणाका कविता दुई चारओटा कविता लेखेर रातारात सेलिब्रेटी हुनेका तुलनामा कैयौं गुना अब्बल रहेको दाबी गरे । कार्यक्रम नेपाली वाङ्मय परिषद् र गोर्खा बुक्सले आयोजना गरेको थियो ।

सानैदेखि गायन, नृत्य, अभिनय र साहित्य लेखनमा लागेकी करुणाका केही फुटकर कविता प्रकाशित छन् । उनको ‘मन फुलेको बेला’ गजलकृति प्रकाशित छ भने राजु सिंहको संगीत र आभा मुकारुङको स्वरमा एउटा गीत रेकर्ड भएको छ ।

# नृत्य र वेशभूषामा बढ्दो आकर्षण



■ रीता लामा

दाङ । घोराही उपमहानगरपालिका-१७ ढिकपुरकी १४ वर्षीया अन्जिता चौधरी आफ्नै थारू वेशभूषामा रमाउँदै गरेको पटकपटक भेटिन्छिन् । गोरखा आवासीय माविमा कक्षा १० पढ्दै गरेकी उनी हिजोआज फुर्सदको समयमा थारू जातिले नाच्ने विभिन्न किसिमका नाच सिक्छिन् र अवसर पाएको ठाउँमा थारू नाच देखाउन सक्रिय हुन्छिन् । जिल्लामा हुने थारू वेशभूषा प्रतियोगिता, मेला महोत्सवमा वा बोलाइएको सांस्कृतिक कार्यक्रममा उनको सहभागिता सक्रिय रहन्छ ।

अन्जिता जस्तै गोरखामा नै कक्षा ११ मा अध्ययनरत सुस्मिता चौधरी पनि आफ्नै जातीय वेशभूषामा सजिन मन पराउँछिन् । सत्र वर्षीया सुस्मितालाई थारू जातिले लगाउने पहिरनमा बड्का नाच, छोक्रा नाच, संख्यापैँया नाचहरू नाच्न निकै मनपर्छ । थारू जातिका महिलाले परापूर्वकालदेखि चाडपर्वमा लगाउने गरेको लहंगा, घुर्या, हातमा कर्या, घाँटीमा सुत्या, माल्या टाउकामा मंग्यामा सजिँदा उनले आफूलाई निकै आकर्षित भएको महसुस गर्छिन् । मेला, महोत्सव, गाउँशहरमा हुने कार्यक्रम, विद्यालयमा हुने सांस्कृतिक कार्यक्रममा उनी पनि सधैँ यसरी नै वेशभूषामा सजिएर भाग लिन मन पराउँछिन् । आफूभन्दा अघिल्लो पुस्ता अग्रजहरूले उनलाई यसरी जातीय पोसाकमा सजिन र आफ्नो प्रस्तुति देखाउनका लागि प्रेरित गर्छन् । कक्षा ९ मा पढ्दै गरेका १५ वर्षीय अजित चौधरी पनि टाउकामा मंग्या, फर्र्या, बुर्यालगायत थारू जातिको वेशभूषामा सजिएर नाच्न मन पराउँछन् । ‘गाउँका दाजुहरूले सिकाउनुहुन्छ, आफ्नो वेशभूषा र नाच सबैलाई देउखाउनुपर्छ भन्नुहुन्छ,’ उनले भने, ‘मलाई पनि आफ्नो जातिको पोसाकमा नाच्न खुब रमाइलो लाग्छ ।’ आफूभन्दा माथिल्लो पुस्ताको प्रेरणाले नै उनलाई पनि आफ्नो जातिले लगाउने वेशभूषा र नाचमा आकर्षित बनाएको हो ।

उनीहरू जस्तै यहाँका विभिन्न थारू बस्ती बाक्लो भएको गाउँमा थारू युवायुवतीहरू अहिले प्रायः मेला महोत्सव चाडपर्वको समयमा थारू जातिको वेशभूषामा सजिएर नाच्दै गरेको भेटिन्छन् । परापूर्वकालदेखि आफ्ना अग्रजहरूले लगाउँदै आएको थरीथरी र रंगीचंगी वेशभूषा लगाउन उनीहरूलाई औधी रमाइलो लाग्छ । जिल्लाका सबैजसो धार्मिकस्थलमा लाग्ने मेला महोत्सवमा थारू जातिका युवायुवतीहरू आआफ्नो वेशभूषामा नाचगान गर्ने र पाहुनाको स्वागतमा खटिने गर्छन् । पछिल्लो समय यो क्रम झनै बढेको छ । आफ्नो वेशभूषामा सजिने अनि लोक नाच प्रस्तुत गर्ने क्रम मौलाउँदै जान थालेको छ । थारू जातिमा संखिया गीत गाउने, माघीमा मघौटा नाच नाच्ने चलन छ । यस्तै जहिलेसुकै नाचिने छोक्रा नाच, हातमा रंगीविरंगी टालो बाँधेर नाचिने झुम्रा नाच, हुदुंग्या नाच, मयूर नाच र बड्का नाच पनि नाच्ने गरिन्छ । केही वर्षयता जिल्लाका सबैजसो ठाउँमा मेला महोत्सव पनि लाग्ने र जाति विशेषले आफ्नो मौलिकता देखाउने खालको कार्यक्रम गर्ने प्रचलन बढेको हुँदा थारू समुदायको कला, संस्कृति र मौलिक नाचले ठाउँ पाएको थारू अगुवाहरूको भनाइ छ ।

थारू कल्याणकारिणी सभा दाङका अध्यक्ष भुवन चौधरी दुई तीन वर्षदेखि थारू समुदायको नाच व्यापकरूपमा चलनचल्तीमा आएको बताउँछन् । ‘पछिल्लो समय सांस्कृतिक कार्यक्रम गर्ने जमात बढेको हुँदा लोकनाचहरूले निरन्तर मञ्च पाइरहेका छन्’, उनले भने, ‘गाउँघरमा पनि युवायुवतीहरू क्लब, समूह, संघसस्था गठन गरेर मौलिक नाच सिक्ने, वेशभूषामा सजिने क्रम बढेको छ ।’ उनका अनुसार स्थानीय तहमा जनप्रतिनिधि आइसकेपछि लोककलाले अलि बढी ठाउँ पाएको छ । जनप्रतिनिधि वा स्थानीय सरकार आफैँले चासो नदिए पनि कलासंस्कृतिका अगुवाहरूले आग्रह गरेमा लोकसंस्कृति जगेर्नाका लागि स्थानीय सरकारले पनि चासो दिएको उनी बताउँछन् ।

# फर्निचर व्यवसायी श्रेष्ठ चलचित्र बनाउँदै

■ सौर्य समाचार



काठमाडौं । फर्निचर व्यवसायी नवराज श्रेष्ठले चलचित्र निर्माणमा हात हालेका छन् । मनोरञ्जनात्मक क्षेत्रमा समेत परिचित श्रेष्ठले दुई चलचित्र ‘अशोका’ र ‘श्रृंगार’ को निर्माण गर्न थालेका हुन् । ‘अशोका’ ऐतिहासिक विषयवस्तुमा आधारित र ‘श्रृंगार’ समसामयिक विषयमा आधारित मनोरञ्जनात्मक चलचित्र हुने उनको भनाइ छ । दुईवटै चलचित्रको प्राविधिक पाटोको टुंगो लागिसकेको र केही कलाकारको टुंगो लगाउन बाँकी रहेको उनले बताए । आधुनिक समयमा मिडिया र बिजनेसको सम्बन्ध नङ र मासुको झै हुने बताउँदै श्रेष्ठले भने, ‘चलचित्र क्षेत्रलाई नजिकबाट बुझेको छु, यो क्षेत्रमा लगानी गर्नु भनेको जुवाखेल जस्तै हो बाजी मार्न पनि सकिन्छ हार्न पनि ।’

डेढ दशकअघिबाट फर्निचर हुँदै हाल हाल मोटस् तथा लिक्युटसम्म आफ्नो व्यवसाय विस्तार गरेका छन् । व्यापार, व्यवसायको विरासत आफ्नै बुबाबाट प्राप्त गरेका श्रेष्ठको पूरै परिवार यसै क्षेत्रमा संलग्न छन् । हजारौं युवाहरू आर्थिक पाटो मजबुत बनाउने धुनमा मलेसिया, दुबाई पुग्दा उनले पनि परदेशिने सपना नदेखेका भने होइनन् । तर, उनले नेपालमै केही गर्ने लक्ष्यका साथ फर्निचरको व्यवसाय सुरु गरे । सुरुका दिनमा उनले निकै मिहिनेत गरे । त्यसपछि उनले विस्तारै अन्य क्षेत्रमा पनि लगानी बढाउँदै लगे ।

गरे के हुन्न भन्ने सोचका साथ ट्याक्सी व्यवसाय सुरु गरे । ट्याक्सीमाथिको लगानी सुरक्षित देखेपछि उनले बजारमा यसलाई थप व्यवस्थित गरे । ट्याक्सी थप्दै आफन्तमा भएका बेरोजगार युवालाई रोजगार दिँदै गए । पठाउ र टुटलजस्ता पछिल्ला समयमा देखिएका सवारीका साधनलाई व्यवस्थित गर्नुपर्ने उनले बताए । फर्निचर र लिक्युट व्यवसायले सफलता दिइरहेको अवस्थामा ट्याक्सी व्यवसायी श्रेष्ठले चलचित्र क्षेत्रमा हात हालेका हुन् ।



*तनहुँको भीमाद नगरपालिकाका स्थानीयवासी मगर समुदायको प्रचलित नचरी नृत्य प्रस्तुत गर्दै ।* ***तस्बिर : रासस***

# वृतचित्रमा इमानसिंह

■ सौर्य समाचार



काठमाडौं । लिम्बू भाषाका अध्यता इमानसिंह चेम्जोङको योगदानलाई समेटेर तयार पारिएको वृत्तचित्र सार्वजनिक भएको छ । इमानसिंह चेम्जोङ मेमोरियल फाउन्डेसनद्वारा आयोजित विशेष वृत्तचित्र प्रदर्शनी समारोहमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) संसदीय दलका उपनेता सुवास नेम्वाङले उक्त वृत्तचित्रको शुभारम्भ गरे । करिब ४५ मिनेट लामो वृत्तचित्रमा इमानसिंहको व्यक्तित्व, लिम्बू भाषा, संस्कृतिलाई समेटिएको छ । साथै लिम्बू संस्कृतिको अनुसन्धानमा उनले पुऱ्याएको योगदानलाई समेत चर्चा गरिएको छ । इमानसिंहले लिम्बू भाषाका कतिपय कृतिलाई सरलीकृत गरेर देवनागरी लिपिमा ढालेका थिए । सिक्किममा सन् १९०४ मा जन्मिएका इमानसिंह किरात तथा लिम्बू भाषा, संस्कृति र लिपि संरक्षणका प्रवर्तकका रूपमा चिनिन्छन् । पत्रकार सन्छेलुङ पतङवाले उक्त वृत्तचित्रको निर्देशन गरेका छन् ।

# सामूहिक नृत्यमार्फत गिनिजमा नाम


■ सौर्य समाचार



काठमाडौं । नेपालको मौलिक संस्कृतिलाई विश्वसामु चिनाउने लक्ष्य राखेर डिलबहादुर मगर (डिकेश) लगायत १२ जना कलाकारले गिनिज बुकमा नाम लेखाउने तयारी गरेका छन् । नेपाली मौलिक गीत, संगीत र भेषभूषामा लगातार २७ घन्टा सामूहिक नृत्य गरेर रेकर्ड राख्ने तयारी गरेका छन् । त्यसका लागि डिलबहादुरसँगै केशरबहादुर पुर्जा, शान्ता तिलिजा, सरला तिलिजा, शिक्षा गर्बुजा, अंशु गर्बुजा, चन्द्रमाया गुरुङ, जस्टिना श्रीस, सुस्मिता गुरुङ, शान्ती शाही, यमुना रोका, सञ्जु पुन, राजिन पुन लगायत छन् ।

सो कार्यक्रम गिनिज इभेन्ट नेपालको व्यवस्थापनमा हुन लागेको हो । गिनिज इभेन्टका संस्थापक अध्यक्ष सन्तोष लामाले यस कार्यक्रम सफल बनाउन पत्रकारको ठूलो भूमिका रहने बताउँदै सहयोगको अपेक्षा राखेको बताए । उक्त कार्यक्रम २२ फागुनमा गरिने आयोजकले राजधानीमा पत्रकार सम्मेलन गरी जानकारी गराएको छ । सामूहिक नृत्यमा विश्व रेकर्ड राख्नेमा यसअघि सन् २०११ अक्टोबर ३१ मा अमेरिकाको एमटिभिओ म्युजिक अवार्डको नाममा १३ जना युवायुवतीले लगातार २४ घन्टा १ मिनेट सामूहिक नृत्य गरेर रेकर्ड राखेका थिए ।

# ‘मान्छेको भीड भित्र’ सार्वजनिक



■ सौर्य समाचार

काठमाडौं । गायिका रश्मी राईको स्वरमा ‘मान्छेको भीड भित्र....’ बोलको गीतको भिडियो सार्वजनिक भएको छ । फुलन्देको आमा युट्युब च्यानलमार्फत सार्वजनिक भएको भिडियोलाई दान राई ‘झरी’ ले निर्देशन गरेका हुन् । दान राई ‘झरी’ को शब्द, पुष्कर सुनुवारको संगीत रहेको भिडियोमा फुलन्देको आमा ‘उमेश राई’, सुरज राई ‘खुईले डन’, मुना राई, डोजेन्द्र राईको साथमा स्वयं गायिकाको पनि जीवन्त अभिनय देख्न सकिन्छ । गीतको भिडियोको पोस्ट प्रोडक्सन सेम्जोङ्ग फिल्मस् प्रा.लि.मा भएको हो ।


मोलुङ गाउँकार्यपालिका कार्यालयको

**डिपिआर स्थगित गरिएको सूचना**

मोलुङ गाउँपालिकाको यही मिति २०७६/१०/०९ गते प्रथम पटक प्रकाशित सूचनामा Preparation of Detail Project Report (DPR) of Rampur-Deaurali-Shreechaur-(Yalung Khola) को आह्वान गरिएकोमा विशेष कारणवश यही मिति २०७६/१०/१२ गते बसेको कार्यपालिकाको बैठकले उक्त डिपिआरको सूचना स्थगित गर्ने निर्णय गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

**लक्ष्मी बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्ता समेतलाई ऋण कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना ।**

यस बैंकबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकिता गर्दा समेत नतिरी नबुझाई बैंकसंग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋण कर्जा चुक्ता भुक्तानी गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकमा सम्पर्क राखी कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकको सम्पूर्ण बक्यौता रकम चुक्ता फर्छ्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा कर्जा लिंदा बैंकलाई लेखिदिएको धितो लिलाम बिक्री गरी कर्जा असुल उपर गर्न धितो लिलाम बिक्रीको सूचना प्रकाशित गरिने, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम तपाई ऋणीहरु तथा जमानतकर्तालाई बिना अन्य सूचना कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराईन्छ। कर्जाको सुरक्षण बापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असुल उपर गरिने र उक्त सम्पत्तिबाट समेत बैंकको कर्जा चुक्ता नभएमा तहाँ ऋणी तथा जमानतकर्ता उपर अन्य आवश्यक कानूनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराउँदछौं।

तपसिल

| ऋणी तथा जमानतकर्ताको विवरण | फोटो | धितो सुरक्षणको विवरण |
|---|---|---|
| १)संयुक्त ऋणीहरु : श्री प्रेम कुमार गुप्ता तथा श्रीमती रीना कुमारी साह<br>क) श्री प्रेम कुमार गुप्ता ( ना.प्र.नं.३४३०२२-७/१७४ जिल्ला प्रशासन कार्यालय पर्सा जारी मिति २०६३/१२/१४)<br>बाबु : राम कुमार प्रसाद बाजे : बृज किशोरी लाल प्रसाद<br>ठेगाना : पर्सा जिल्ला विरगंज न.पा. वडा नं. ७।<br>ख) श्रीमती रीना कुमारी साह ( ना.प्र.नं.३९६९४८५१ जिल्ला प्रशासन कार्यालय धनुषा जारी मिति २०५५/१२/१७)<br>बाबु : लाल बाबु साह ससुरा : राम कुमार प्रसाद<br>पति : प्रेम कुमार गुप्ता<br>ठेगाना : धनुषा जिल्ला जनकपुर न.पा./गा.वि.स वडा नं. ३। | <br> | १. ऋणी मध्येको श्रीमती रीना कुमारी साहको नाममा मालपोत कार्यालय ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. २ घ स्थित कित्ता नं. १५४५ को क्षेत्रफल ०-२-३-२ जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात। |

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तिसार, काठमाडौं
फोन: ४४४४६८४/८५, पो.ब.नं.: १९५९३
Email: info@laxmibank.com, URL: www.laxmibank.com

सौर्य दैनिक
# आर्थिक



कञ्चनपुरको बेदकोट नगरपालिले पर्यटन प्रवर्द्धन गर्नका लागि धार्मिक तथा पर्यटकीय क्षेत्र बेदकोट ताल नजिकै निर्माण गरेको भ्यू टावर



तनहुँको आँबुखैरेनी गाउँपालिका-१ रानागाउँमा चितुवा नियन्त्रणका लागि राखिएको काठको खोर । गत पुस २० गते चितुवाको आक्रमणबाट एक एक बालकको मृत्यु भएपछि डिभिजन वन कार्यालयले काठको खोर राखेको हो

## 'नागरिक लगानी कोषले नाफा कमाउने होइन'



■ सौर्य समाचार

काठमाडौं । अर्थमन्त्री डा युवराज खतिवडाले नागरिक लगानी कोषलाई पूँजीबजारमा लगानी विस्तारका लागि मार्ग प्रशस्त गर्न लागिएको बताएका छन । उनले कोषले सहायक कम्पनीमार्फत पूँजीबजारमा लगानी बढाउने र त्यसले बजार विस्तारका अतिरिक्त सुदृढीकरणमा समेत काम गर्ने विश्वास व्यक्त गरे । संघीय संसदको अर्थ समितिको बैठकमा 'नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक' माथिको छलफलमा अर्थमन्त्री डा.खतिवडाले कोषको सहायक कम्पनी स्थापना गरी पूँजीबजारमा लगानी बढाउने तयारीमा सरकार अगाडि बढेको स्पष्ट पारे ।

छलफलमा अर्थमन्त्रीले कोष मुद्राबजारको संस्था नभई पूँजीबजारको संस्था भएको उल्लेख गर्दै 'मार्केट मेकर' अत्यावश्यक भएकाले पनि त्यसतर्फ केन्द्रित हुन लागेको बताए । अर्थमन्त्रीले भने, 'सहायक कम्पनीमार्फत कोषले पूँजीबजारमा मार्केट मेकरको काम गर्छ । त्यसका लागि कोषको पूँजी तीन अर्ब पर्याप्त छ ।' लगानीकर्ताको हितका लागि स्थापना गरिएको कोष वाणिज्य बैंक जस्तो नरहेको र ट्रष्टी पनि नभएको उनको भनाइ थियो ।

उनले कोष सामान्य नाफामूलक सार्वजनिक संस्था भएको र सङ्कलन गरिएको रकमको सुरक्षित लगानी गर्ने निकाय मात्रै भएको जानकारी दिए । ' कोष वाणिज्य बैंक जस्तो नाफा कमाउने संस्था त होइन, तर लगानी सुरक्षित भने हुनुपर्छ । त्यसकाकारण यसलाई अन्य नाफामूलक संस्था जसरी तुलना गरिनु उपयुक्त हुँदैन', उनले भने ।

उनले नागरिक लगानी कोष र कर्मचारी सञ्चयकोषलाई सामाजिक सुरक्षा कोषसँग मेल खाने गरी कुनै पनि प्रकारको योजना नल्याउनसमेत निर्देशन दिए । कर्मचारी सञ्चयकोषका अध्यक्षसमेत रहेका राजश्व सचिव शिशिरकुमार ढुङ्गानालाई निर्देशन दिँदै उनेले भने, 'कर्मचारी सञ्चयकोषको अध्यक्ष पनि यहीं हुनुहुन्छ । सकेसम्म सामाजिक सुरक्षा कोषसँग मिल्ने गरी कुनै पनि योजना नल्याउनुस् ।'

समितिको बैठकमा 'नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक' माथिको दफावार छलफल जारी छ । सांसदहरूले दर्ता गराएको संशोधन प्रस्तावमाथि नियमित छलफल गर्ने र पारित गर्ने कार्यसूची रहेको सभापति कृष्णप्रसाद दाहालले जानकारी दिए ।

## कुरिलो खेतीमा आकर्षण



■ सौर्य समाचार

बेभ्काड । पाल्पाको बगनासकाली गाउँपालिकाका कृषक व्यावसायिक कुरिलो खेतीमा आकर्षित भएका छन् । स्वास्थ्यका लागि फाइदाजनक र आम्दानी राम्रो हुने भएपछि यहाँका कृषकले व्यावसायिक तबरबाट कुरिलो खेती गर्न थालेका छन् । वडा ८ बराङ्दी क्षेत्रमा कुरिलो खेतीतर्फ कृषकको आकर्षण बढ्दो छ । बजारमा कुरिलोको माग बढ्दो र बजार मूल्य राम्रो पाएपछि यहाँका कृषक यस खेतीप्रति आकर्षित भएका हुन् । स्थानीय जीवलाल घिमिरेले तीन रोपनी क्षेत्रमा व्यावसायिक रूपमा कुरिलो खेती गरेका छन । कुरिलो बिक्रीबाट गत वर्ष पाँच लाखको आम्दानी गर्न सफल भएको उनले बताए ।

यहाँ उत्पादन भएको कुरिलो बुटवल बजार, बुटवलको भाटभटेनी र तानसेन बजारबाट माग आउने गरेको कृषक लुमकला घिमिरे बताइन । प्रतिकिलो चार सयमा गाउँबाटै कुरिलो बिक्री भइरहेको छ । घिमिरेले जेटिएको जागिर छाडेर कुरिलो खेती गरेकी हुन । उनले विभिन्न ठाउँठाउँमा कुरिलो खेतीसम्बन्धी तालीम पनि दिने गर्छिन । सोही ठाउँकै केशवमणि बस्यालले छिमेकीले कुरिलो खेती लगाएर राम्रो कमाइ गरेको देखेपछि गत वर्ष ८५ बोट कुरिलोका बिरुवा लगाएका थिए । यस वर्ष करिब दुई सय बोट कुरिलो पुऱ्याउने उनको लक्ष्य छ । 'पहिलो वर्षमा नै नसोचेको उत्पादन भयो, घरायसी प्रयोजन, आफन्त, छिमेकीलाई कोशेलीका रूपमा नयाँ उत्पादन दिएर पनि केही बजारमा बिक्री गरियो, अब बिस्तारै बर्सेनि व्यावसायिक तवरले कुरिलो बढाउँदै जानेछु', बस्यालले भने । अन्नबाली लगाएर उत्पादन राम्रो लिन नसकिने जग्गामा साबित्रा बस्यालले कुरिलो लगाउन थालेकी छन । उनले परीक्षणका रूपमा ९० बोटमा कुरिलो खेतीको व्यवसाय सुरु गरेकी थिईन । उनी राम्रो उत्पादन हुन थालेपछि यो वर्ष तीन सय बिरुवा थप गर्ने गरी बेर्ना तयार पार्दै छिन । अन्य तरकारी बालीको तुलनामा कुरिलो खेतीबाट दोब्बर बढी आम्दानी लिन सकिने हुँदा कुरिलो खेतीलाई नै प्राथमिकता दिने उनको भनाइ छ ।

थोरै समय मिहिनेत गरेपछि प्रतिफल राम्रो पाइने, स्वास्थ्यका लागि अति उपयोगी, बजार भाउ राम्रो रहेकाले कुरिलो लगाएर कृषकले मनग्य आम्दानी गर्न सक्ने कृषि ज्ञान केन्द्र पाल्पाका प्रमुख शिवप्रसाद अर्यालले बताए । एकपटक लगाएपछि लामो समयसम्म उत्पादन लिन पाइने हुँदा कुरिलो व्यवसायबाट मनग्य आम्दानी गर्न सकिने कृषि प्राविधिक बताउँछन् । भिरालो पानी नजम्ने जमिनमा यसको उत्पादन राम्रो हुन्छ ।

## कर्पोरेट

### मेगा बैकद्धारा सञ्चालित आँखा शिविरमा सयौं लाभान्वित

काठमाडौं । मेगा बैंक नेपाल लिमिटेडले पर्सामा आयोजना गरेको आँखा शिविरबाट सयौं सर्वसाधारण लाभान्वित भएका छन् । नेपाल नेत्रज्योति संघ, रामकुमार महावीर प्रसाद केडिया आँखा अस्पताल र लायन्स क्लव अफ वीरगञ्ज मिलेनियमसँगको सहकार्यमा मेगा बैंकले पर्सा जिल्लाको बेल्वामा निःशुल्क आँखा शिविर आयोजना गरेको हो ।

शिविरमा २ सय ७५ जनाले आँखा जाँच गराएका थिए । जसमध्ये एक सय जनामा रक्तन्धो भेटिएको थियो । त्यसमध्ये केही बिरामीको शिविरमै निःशुल्क शल्यक्रिया गरिएको थियो । नेपालकै अग्रणी बैंकको रूपमा स्थापित मेगा बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत देशका विभिन्न भागमा विविध कार्यक्रम गर्दै आएको छ ।

### जिल्ला प्रशासन म्याग्दीमा प्रभु बैंकको काउण्टर




काठमाडौं । प्रभु बैंकले सेवा विस्तार गर्ने क्रममा म्याग्दी जिल्लाको बेनी नगरपालिकास्थित वडा ०७ जिल्ला प्रशासन कार्यालयमा एक्स्टेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ । म्याग्दीस्थित जिल्ला प्रशासन कार्यलयमा स्थापित एक्स्टेन्सन काउण्टरको म्याग्दीका प्रमुख जिल्ला अधिकृत ग्याननाथ ढकालले एक समारोहका बीच उद्घाटन गरे । नेपाल राष्ट्र बैंक तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी विभिन्न सरकारी निकायहरूको बैंकिङ कारोबार प्रभावकारी रूपमा सञ्चालन गरिरहेको प्रभु बैंकले जिल्ला प्रशासन कार्यलयमा पनि आफ्नो सेवा विस्तार गर्न सफल भएको छ ।

प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आउने सेवाग्राहीहरूलाई रकम जम्मा गर्न र जिल्ला प्रशासन कार्यलयको काम गर्न सहज र सरल हुने भएको छ । प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट प्रवाह गरिने बैंकिङ सेवाबाट स्थानीयबासी तथा सेवाग्राहीहरूले प्रभु बैंकको गुणस्तरीय बैंकिङ सेवा उपभोग गरी लाभान्वित हुने बैंकले विश्वास लिएको छ । प्रभु बैंकले २०५ वटा शाखा कार्यालय, १५२ वटा एटिएम , ४५ वटा एक्स्टेन्सन काउण्टर तथा १७ वटा शाखा रहित बैंकिङ सेवामार्फत सेवा प्रवाह गरिरहेको छ ।

### मृगौलियामा सनराइज बैंकको शाखारहित सेवा




काठमाडौं । सनराइज बैंक लिमिटेडले मोरङको मृगौलियामा ४७औं शाखारहित बैंकिङ सेवाको सुरुवात गरेको छ । माघ ११ गते २०७६ शनिबार आयोजित एक कार्यक्रममा सुन्दरहरैचा नगरपालिकाका वडा २ का अध्यक्ष दोरीलाल चौधरी र सुन्दरहरैचा नगरपालिका सदस्य रामलाल गच्छदारले संयुक्त रूपमा उद्घाटन गरे । उक्त बैंकिङ सेवाका प्रतिनिधि देवनारायण चौधरीलाई पोइन्ट अफ सेल मेसिन हस्तान्तरण गर्दै शाखारहित बैंकिङ सेवा सञ्चालन भएको हो ।

उक्त पोइन्ट अफ सेल मेसिनको माध्यमबाट बचत तथा भुक्तानीका लागि शाखा कार्यालय नभएको ठाँउबाट समेत शाखारहित बैंकिङ सेवा अन्तर्गत एटिएम कार्ड मार्फत कारोबार गर्न सकिने जनाइएको छ । यस सेवाबाट निक्षेप सकंलन, रकम भुक्तानी, रकम स्थानान्तरण, बिल भुक्तानी जस्ता सेवाहरू लिन सकिने जनाइएको छ । हालसम्म सनराइज बैंकले १३० वटा शाखा,४७ वटा शाखारहित बैंकिङ सेवा, ८ वटा एक्सटेन्सन काउण्टर र १५२ वटा एटिएम मार्फत आफ्ना ६ लाख ग्राहकहरूलाई सेवा प्रदान गर्दै आइरहेको छ ।

### कामना सेवाका वित्तीय सूचकहरुमा प्रगति

काठमाडौं । कामना सेवा विकास बैंकले आर्थिक वर्ष ०७६/७७ को दोस्रो त्रैमासको अपरिष्कृत वित्तीय विवरण सार्वजनिक गरेको छ । समिक्षा अवधिमा बैंकले अधिकांश वित्तीय सूचकहरूमा उल्लेखनीय प्रगति गरेको छ । राष्ट्रिय स्तरको अब्बल विकास बैंक बनाउने उद्देश्य र रणनीतिका साथ अगाडि बढेको बैंकले आर्थिक वर्षको दोस्रो त्रैमाससम्म आइपुग्दा यस आर्थिक वर्षमाकर्जा तथा सापटीमा ४.२० अर्ब वृद्धि गरी २४ दशमलव ४४ अर्ब पुऱ्याउन सफल भएको छ ।

त्यसैगरी निक्षेप संकलनतर्फ ५ अर्ब थप गरी कुलनिक्षेप २७ दशमलव ९७ अर्ब पुऱ्याएको छ । समीक्षा अवधिमा कर्जा तथा सापटीतर्फ २० दशमलव ८० प्रतिशत तथा निक्षेप संकलन तर्फ २१.७७ प्रतिशतको वृद्धि गरेको हो । बैंकले ५७.४१ करोड खुद ब्याज आम्दानी गरेको छ, जुन अघिल्लो आर्थिक वर्ष ३७.९८ करोड रहेको थियो । पुस मसान्तसम्मआइपुग्दा बैंकको खुदनाफा १४.८५ करोड पुगेको छ ।

२०७६ असार मसान्तसम्ममा ९४ शाखा तथा ४३ वटा एटिएम रहेकोमाचालु आर्थिक वर्षको पहिलो ६ महिनामा २० शाखा तथा १५ वटा एटिएम थप गरी ११४ शाखा र ५८ एटिएम पुऱ्याउन सफल भएको छ । शाखा सञ्जालविस्तारसँगै प्रविधिको स्तरोन्नती, डिजिटाईजेसन, अटोमेशन जस्ता रणनीतिक क्षेत्रमा पर्याप्त लगानी गरेको छ । बैंकको प्रतिसेयर आम्दानी (वार्षिक) ११.६९ रहेकोमा मूल्य आम्दानी अनुपात १२.३१ रहेको छ ।

### सिटिजन्सले ल्यायो 'कोसेली निक्षेप योजना'

काठमाडौं । सिटिजन्स बैंकले ग्राहकलाई थप लाभान्वित गर्न 'सिटिजन्स कोसेली निक्षेप योजना' खाताको शुभारम्भ गरेको छ । यस निक्षेप योजनाअन्तर्गत यस बैंकका व्यक्तिगत ग्राहकले मुद्दतीमा राखेको रकम ७ वर्ष ६ महिना पश्चात सौंवा तथा ब्याजबापत एक मुस्ट रूपमा दोब्बर हुनेगरि रकम फिर्ता पाउने छन् ।

निक्षेप योजनाबाट बैंकका ग्राहक महानुभावहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ । सिटिजन्स बैंक ईन्टरनेसनल लिमिटेडले देशभरी फैलिएका ८९ वटा शाखा ८९ वटा एटिएम र १०३ वटा शाखा रहित बैंकिङ इकाइहरूबाट पाँच लाखभन्दा बढी ग्राहवर्गलाई आधुनिक बैंकिङ सेवाहरू प्रदान गर्दै आएको छ ।

## झापा तोरीमा आत्मनिर्भर



■ सौर्य समाचार


भद्रपुर । कृषिका लागि उर्वर झापा जिल्ला यो वर्षदेखि तोरीमा आत्मनिर्भर बन्ने कृषि ज्ञान केन्द्रले जनाएको छ । तोरी खेतीतर्फ निजी तथा सहकारी खेतीको आकर्षण बढेसँगै उत्पादन बढ्ने भएकाले यो वर्षदेखि झापा आत्मनिर्भर बन्ने कृषि ज्ञान केन्द्रका प्राविधिक शेषराज पौडेलले बताए । उनका अनुसार गत आव २०७५/७६ मा झापामा दुई हजार ६४० हेक्टरमा तोरी खेती गरिएको थियो । सो वर्ष दुई हजार ६०० मेट्रिक टन तोरी उत्पादन भएको थियो । चालु आव २०७५/७६ मा तीन हजार हेक्टरमा लगाइएको तोरी खेतीबाट चार हजार ५०० मेट्रिक टन उत्पादन हुने कृषि ज्ञान केन्द्रको प्रक्षेपण छ । चार हजारभन्दा बढी मेट्रिक टन तोरीले जिल्लालाई आत्मनिर्भर बनाउने भएकाले यसबाट अर्थतन्त्रमा अत्यन्त सकारात्मक योगदान पुग्ने प्राविधिक पौडेलको भनाइ छ ।

झापाका १५ वटै स्थानीय तहमा तोरी खेती हुँदै आएको छ । त्यसमध्ये मेचीनगर, हल्दिबारी, अर्जुनधारा, केचना, शिवसताक्षी र कनकाईमा प्रायः सबै गाउँबस्तीमा तोरी खेती लगाइने गरिन्छ । नेपाल सरकारको नीतिअनुसार झापाको ज्ञान केन्द्रले हल्दिबारी गाउँपालिका र कनकाई नगरपालिकालाई तोरीको पकेट क्षेत्र घोषणा गरेको छ । त्यहाँका किसानलाई संगठित गरेर तोरीखेतीमा प्रोत्साहित गर्न ज्ञान केन्द्रबाट आठ लाखका दरले अनुदान दिए । कृषि प्राविधिक खिरबहादुर श्रेष्ठका अनुसार बलौटे र दोमट माटोमा तोरी खेती फस्टाउँछ । श्रेष्ठ आफैँले शिवसताक्षी नगरपालिका-२ धरमपुरमा दुई बिघा जमिनमा विगत पाँच वर्षदेखि तोरी खेती गर्दै आएको बताए । अर्जुनधारा निवासी संविधानसभा सदस्य प्रेम गिरी आफूलाई वर्षभरि पुग्नेगरी तोरी खेती गर्दै आएका छन । बुद्धशान्ति-७ का किसान खगेन्द्र उप्रेतीले सुपारी बारीभित्र समेत तोरी खेती गरेका छन । विगतमा बाँझो रहने गरेका खेतमा किसानले उन्नत प्रविधि प्रयोग गरेर खेती गर्न थालेपछि गाउँहरू यतिबेला तोरी फुलेर पहेँलपुर भएको देखिन्छन् । 'पहिला बाँझो देखिने जमिनमा यतिबेला तोरी फुलेर पहेंलपुर छ', प्राविधिक श्रेष्ठले भने, ' विगत १० वर्षयता झापामा तोरी खेतीको व्यापक विस्तार भएको छ, अब भारतबाट तेल खरिद सायदै गर्नुपर्दैन ।' सहकारी संस्थासमेत तोरी खेतीतर्फ आकर्षित भएका छन् ।

गौरादह-६ मा महारानी झोडा कृषि सहकारी संस्थाले चार बिघा जमिनमा तोरी खेती गरेको छ । महिलाले मात्र सञ्चालन गरेको सो सहकारीले त्यहाँ उत्पादन भएको सबै तोरी उन्नत बिउका लागि भएको संस्थाकी अध्यक्ष मीना ढकालले बताईन । विगत तीन वर्षदेखि तोरीको बिउ उत्पादन गरिरहेको सहकारीको उत्पादित वस्तुको ग्रेडिङ उद्योग पनि छ । 'बिउको ग्रेडिङ गरेर बजार पठाउँछौं', उनले भनिन्, 'यहाँ उत्पादित तोरीको बिउ इलाम, मोरङ, सुनसरी, सिरहा र सप्तरीसम्म माग

www.souryadaily.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४





*स्पेनिस ला-लिगा फुटबलमा बार्सिलोना भ्यालेन्सियासँग २-० गोल अन्तरले पराजित भएको छ । बार्सा पराजित हुँदा रियल भालाडोलिडलाई एक-शून्य गोलले हराउँदै रियल मड्रिड क्लब लिगको शीर्ष स्थानमा उक्लियो*

*राफायल नाडाल अस्ट्रेलियन ओपन टेनिसको क्वार्टरफाइनलमा प्रवेश गरेका छन् । मेलबर्नमा सोमबार भएको चौथो चरणमा न्युजिल्यान्डका निक किर्गोसलाई हराएर नाडाल अन्तिम आठमा पुगेका हुन्*



'ए' डिभिजन लिग

# लिगको शीर्षमा उक्लियो मच्छिन्द्र

**■ सौर्य समाचार**

काठमाडौं । मच्छिन्द्र क्लब कतार एयरवेज सहिद स्मारक ए डिभिजन लिगको शीर्ष स्थानमा उक्लिएको छ । ललितपुरे क्लब रुस्लान थ्री स्टारलाई पराजित गर्दै मच्छिन्द्र शीर्ष स्थानमा उक्लिएको हो ।

दशरथ रंगशालामा सोमबार भएको खेलमा मच्छिन्द्रले थ्रिस्टारलाई २-० गोलले पराजित गर्न सफल भयो । मच्छिन्द्रलाई विजयी बनाउने क्रममा रेजिन सुब्बा र विशाल राई 'बी' ले गोल गर्दै मच्छिन्द्रलाई महत्वपूर्ण तीन अंक दिलाए । दुवै हाफमा मच्छिन्द्रले एक-एक गोल गरेको हो । खेलको ३८औं मिनेटमा रेजिन सुब्बाले गोल गर्दै मच्छिन्द्रलाई अग्रता दिलाए । रन्जित धिमालको फ्रिकिकलाई गोलरक्षक प्रिसोले पञ्च गरेपनि रेजिनले पेनाल्टी बक्सभित्रबाट गोल गर्न सफल भएका थिए । रेजिन अर्का फरवार्ड दीपक राई घाइते भएपछि बेन्चबाट छिरेका थिए ।

खेलको १३औं मिनेटमा रन्जित धिमालको फ्रिकिकलाई थ्री स्टारका गोलरक्षक प्रिसोले सहजै नियन्त्रणमा लिए । लगत्तै थ्री स्टारका अशोक खवासको क्रसमा हम्जातको हेडर पोस्टबाट थोरै बाहिरियो । ३३औं मिनेटमा आन्द्रियस नियाको प्रहार बाहिरियो । ४१औं मिनेटमा विशाल



राईको फ्रिकिकलाई गोलरक्षकले राम्रोसँग नियन्त्रणमा लिन नसकेको बललाई कप्तान बिक्रम लामाले गोललाइनबाट बचाए ।

७८औं मिनेटमा निसान खड्काको फ्रिकिकमा हम्जातको हेडर बाहिरिँदा थ्रीस्टार बराबरीबाट चुक्यो । ८५औं मिनेटमा सन्जोक राईको प्रहारलाई डिफेन्डरले क्लियर गरिदिए । निर्धारित समयको अन्तिम मिनेटमा विशाल राई 'बी' ले गोल गर्दै मच्छिन्द्रको जित पक्का गरे । विजय धिमालको क्रसमा एडिलाजा सोमिडेले नभेटेको बललाई थ्रीस्टारका डिफेन्डरले राम्ररी क्लियर गर्न नसक्दा विशालले जाली चुमाएका थिए । इन्ज्युरी समयको तेस्रो मिनेटमा आडेलाजाको हेडर बाहिरिँदा अग्रता बढ्न सकेन ।

जितसँगै शीर्षस्थानमा उक्लिएको मच्छिन्द्रको ९ खेलमा १९ अंक भएको छ । १७ अंक जोडेको आर्मीले १ खेल कम खेल्दा मच्छिन्द्रले ६ जित, २ बराबर र १ हार बेहोरेको छ । अघिल्लो सिजन पुछारबाट दोस्रो रहेको कारण मच्छिन्द्रको १ अंक घटाइएको छ । यता थ्री स्टार ९ खेलमा १४ अंकसहित पाँचौं स्थानमा सिमित छ ।

**पुलिसले एपिएफलाई हरायो**

डर्बी खेलमा नेपाल पुलिस क्लबले एपीएफ क्लबमाथी साँघुरो जित निकालेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सोमबार भएको पहिलो खेलमा पुलिसले एपीएफ क्लबलाई १-० गोल अन्तरले पराजित गरेको हो ।

विभागीय डर्बी भिडन्तमा पुलिसलाई जित दिलाउन कप्तान भोला सिलवालले निर्णायक गोल गरे । खेलको १३ औं मिनेटमा भोलाले पेनाल्टीमा गोल गर्दै पुलिसलाई तीन अंक दिलाएका हुन् । रवि पासवानको कर्नरमा भरत साहलाई एपीएफका खेलाडीले डिबक्सभित्र फउल गर्दा पुलिसले पेनाल्टी पाएको थियो । जसमा भोलाले सहजै गोल गरे । ३८ औं मिनेटमा आशिष लामाको फ्रिकिक बाहिरिदा एपीएफ बराबरीबाट चुक्यो । ४२ औं मिनेटमा प्रदिप लामाको कर्नरमा रमेश दंगालको हेडर पोस्टबाट थोरै बाहिरिदा एपिएफ पुनः बराबरी गर्नबाट चुक्यो ।

यस्तै खेल सकिएपछि एपीएफका सुदिप शिखाकारले रातो कार्ड पाएका थिए । रेफ्री प्रकाश नाथ श्रेष्ठलाई अभद्र व्यवहार गरेपछि उनले रातो कार्ड पाएका हुन् । खेलमा पुलिसका सौजन राई म्यान अफ दि म्याच चुनिए । एपीएफलाई पराजित गरेसँगै पुलिस लिगको पाँचौं स्थानमा उक्लिएको छ । पुलिसले ९ खेलमा १४ अंक जोडेको छ । पराजित एपीएफ ९ खेलमा ५ अंक जोडेर पुछारबाट दोस्रो स्थानमा रहेको छ । यस हारसँगै एपीएफलाई रेलिगेसनको दबाब समेत बढेको छ ।

# कोबे ब्रायन्ट : बास्केटबलदेखि अस्करसम्म

**■ एजेन्सी**

क्यालिफोर्निया । अमेरिकी बास्केटबलका 'महान' खेलाडी कोबे ब्रायन्टको अमेरिकी प्रान्त क्यालिफोर्नियामा हेलिकोप्टर दुर्घटनामा परी निधन भएको छ । हेलिकोप्टर दुर्घटनामा ब्रायन्टसँगै उनकी १३ वर्षीया छोरी गियानासहित नौ जनाले ज्यान गुमाए । ४१ वर्षीय ब्रायन्ट आफ्नै निजी हेलिकोप्टरमा यात्रा गरिरहेका थिए ।

विश्वभरिबाट बास्केटबलमा यदि जम्मा पाँच महान खेलाडीहरूको नाम लिइन्छ भने कोबे ब्रायन्टको नाम पहिलो नम्बरमा आउँछ र उनको नाम प्रमुखता साथ लिइन्छ । विश्वभरि नै उनका समर्थक कति छन् भन्ने कुरा उनको निधनपछि सामाजिक सञ्जाल फेसबुक र ट्वीटरमा टप टेन ट्रेण्ड्सका साथ उनीप्रति व्यक्त गरिएको श्रद्धाञ्जली र सम्मानले देखाउँछ । यसबाट नै थाहा हुन्छ कि उनी कति लोकप्रिय थिए ।

ब्रायन्टको निधनलाई लिएर प्रीति जिन्टा, करण जौहर, अक्षय कुमार जस्ता बलिउड हस्तीसँगै बराक ओबामा र डोनाल्ड् ट्रम्पले दुःख व्यक्त गरेका छन् । बराक ओबामाले लेखेका छन्, 'बास्केटबलको कोर्टमा कोबे एक महान खेलाडी थिए । उनी आफ्नो जिन्दगीको दोस्रो अध्याय सुरु गर्न गैरहेका थिए । गियानालाई गुमाउनु एक आमाबुवाका लागि निकै कठिन हो । मिशेल र मेरो पूरै ब्रायन्ट परिवारप्रति प्रार्थना छ ।'

पाँच पटक नेशनल बास्केटबल एसोसिएशन (एनबीए) च्याम्पियन कोबेलाई बास्केटबल इतिहासमै सबैभन्दा सफल महान खेलाडीको अग्रस्थानमा राखिन्थ्यो । उनको निधनपछि एनबीएले एक बयान जारी गर्दै भनेको छ, 'कोबे ब्रायन्ट र उनकी १३ वर्षीया छोरी गियानाको दुःखद् अन्त्यबाट हामी सबै अकल्पनीय शोकमा



छौं । २० वर्षसम्म कोबेले आफूलाई अब्बल बनाइरहने प्रयास गरेँ ।' ब्रायन्टले आफ्नो २० वर्षे लामो करियरमा सधैँ लस एन्जेल्स लाकेर्सको तर्फबाट खेले ।

सन् २०१६ को अप्रिल महिनामा सन्याल लिएका कोबेले सन् २००८ मा एनबीएका सबैभन्दा 'महान' खेलाडी बनेका थिए । साथै उनले दुई पटक एनबीए फाइनल्समा एमवीपीको उपाधि हासिल गरेका छन् । कोबेको नाम दुई पटक एनबीए स्कोरिंग च्याम्पियनसँग जोडिएको छ र दुई पटक ओलम्पिक खेलमा च्याम्पियन बन्ने सौभाग्य पनि पाएका छन् ।

कोबेले सन् २००६ मा टोरन्टो र्‍याप्टर्सविरुद्ध एक खेलमा ८१ अंक बटुलेका थिए, यो उनको करियरको एक महत्वपूर्ण उपलब्धिमध्ये एक हो । ब्रायन्टले बास्केटबलको दुनियाँमा अवार्ड र सम्मान पाउनुका साथै एक अस्कर अवार्ड पनि जितेका छन् । कोबेले सन् २०१५ मा बास्केटबललाई एक प्रेमपत्र लेखेका थिए । त्यो प्रेम पत्रमा डियर बास्केट बल नामबाट एउटा 'शर्ट एनिमेटेड फिल्म' बनाइयो र त्यसलाई अस्कर अवार्डबाट सम्मानित गरिएको थियो ।

# थरंगाले ललितपुरबाट खेल्ने

**■ सौर्य समाचार**



काठमाडौं । श्रीलंकाका ओपनर ब्याट्सम्यान उपुल थरंगाले एभरेस्ट प्रिमियर लिग (ईपीएल) क्रिकेट खेल्ने भएका छन् । श्रीलंकन राष्ट्रिय टोलीका थरंगाले साविक विजेता ललितपुर प्याट्रियट्सबाट चौथो संस्करणको ईपीएलमा खेल्ने भएका हुन् ।

ललितपुरका मुख्य प्रशिक्षक राजु बस्न्यातले थरंगाले क्लबबाट खेल्ने पक्का भएको जानकारी दिएका छन् । 'उपुलले टिमबाट खेल्ने पक्का भएको छ । अब हामी २३ गते सबै खेलाडीबारे सार्वजनिक गर्ने छौं,' प्रशिक्षक बस्न्यातले भने । यस्तै उनले अन्य विदेशी खेलाडीसँग पनि क्लबले छलफल गरिरहेको बताए ।

आक्रामक ब्याट्सम्यान ३४ वर्षीय थरंगाले श्रीलंकाको लागि ३१ टेस्ट, २ सय ३५ एकदिवसीय र २६ टी-ट्वान्टी अन्तर्राष्ट्रिय खेलिसकेका छन् । यस अघि भैरहवा ग्लाडीयटर्सले वेस्ट इन्डिजका ड्वेन स्मिथलाई अनुबन्ध गरिसकेको छ । ईपीएल चैत १ गतेदेखि १५ गतेसम्म त्रिवि क्रिकेट मैदानमा हुनेछ ।

# तेक्वाण्डोमा आकर्षण : लगानी न्यून

**■ कुमोद अधिकारी**

विराटनगर । मोरङको मिक्लाजुङ गाउँपालिकाको खोरियामा आयोजना गरिएको दुईदिने प्रदेश-१ स्तरिय आइटिएपफ तेक्वाण्डो प्रतियोगितामा भोजपुर दिंगला स्थित षडानन्दा माविमा अध्यनरत कक्षा १२ की १६ वर्षीय रोमिला राई गोल्ड मेडल जित्न सफल भइन् । त्यस्तै जनसेवा मावि सुनसरीकीमा अध्यनरत कक्षा ११ की १६ वर्षीया विपना राईले पनि प्रतियोगितमा गोल्ड मेडल हासिल गर्न सफल भइन । उनीहरू दुवैजनाले ४५- ५५ तौलको प्रतियोगितामा गोल्डमेडल जितेका हुन

रोमिला र विपना मात्र होइन विद्यायलमा अध्यनरत धेरै छात्रछात्राको अहिले आइटिएफ तेक्वाण्डो प्रति निकै आकर्षण वढ्न थालेको छ । हिमाल पहाड तराईका सबै विद्यालयहरूले आफ्ना विद्यार्थीलाई तेक्वाण्डो खेलको प्रशिक्षण दिने गरेका छन । भोजपुरकी रोमिलाले आफ्नो आत्मरक्षाका लागि सानै उमेरदेखि यो खेल सिकेको बताइन् । छोरी मान्छेप्रति असुरक्षा बढ्न थालेकाले यो खेलमा अहिले आफू निपूर्ण भई आफ्नो हातखुट्टालाई नै आफ्नो हतियार बनाउन सफल भइको उनले



सुनाइन् । त्यस्तै विपना राईले पनि यो खेल खेलेपछि शरीर पनि स्वस्थ्य रहने आफ्नो सुरक्षा आफैंले गर्न सकिने भएकाले सबै अभिभावकले आफ्ना छोराछोरीलाई यो खेल सिक्न सहयोग पुऱ्याउनुपर्ने बताइन । प्रदेश-१ का यस खेलप्रति विर्द्याथीको आकर्षण बढेपनि राज्यले खासै चासो भने नदिएको पाइन्छ । विद्यालयमा आयोजना हुने प्रतियोगितामा १० वर्षका बालबालिकाहरू समेत प्रशिक्षण लिने गरेको भएता खेललाई बढावा दिन राज्यले केही लगानी नगरेको आइटिएफ तेक्वान्डो इन्टरनेसनल फेडरेसनका केन्द्रीय उपाध्यक्ष प्रविणकुमार कार्कीले बताए ।

२६-२७ वर्षदेखि विद्यालयका विद्यार्थी र खेलाडीहरूलाई आफूले प्रशिक्षण दिँदै आएको सबै उमेरका बालबालिकाको खेलप्रति आकर्षण वढेको भएपनि यसखेलका लागि न्यूनतम सहयोग समेत पाउन नसकेको उनको भनाइ छ । तेक्वाण्डो खेलसंघ जोडिएका संघ र महासंघ भए तापनि उनीहरूको ध्यान खेलप्रति नगएकाले खेललाई महत्व दिन नसकेको भन्दै प्रशिक्षकहरूलाई गासवास र कपासको ग्यारन्टी गर्नुपर्ने उनको भनाइ छ । उनले प्रदेश स्तरीय प्रतियोगिताका खेल खेलाउन पनि आफ्नै फण्डबाट आर्थिक सहयोग जुटाएको प्रशिक्षक कार्कीको भनाइ छ ।

प्रदेश-१ का समाजिक विकाश राज्यमन्त्री जसमाया गजमेरले प्रदेशमा खेलकुदको विकासका लागि १५ सदस्यीय समावेशी खेलकुद बोर्ड गरिने लागेको बताइन । राज्यमन्त्री गजमेरले दुर्गम क्षत्रमा यस्ता प्रतियोगिताको आयोजनावाट यसक्षेत्रमा लुकेर रहेका प्रतिभालाई खेलकुद क्षेत्रमा आउनु प्रोत्साहन मिलेको भन्दै आईटिएफ तेक्वाण्डो खेलको विकासका लागि प्रदेश सरकारले महत्व दिने र लगानी समेत गर्ने बताइन ।

प्रतियोगितामा भोजपुर जिल्लाले सात स्वर्णका समूह विजेता भएको छ भने झापाले छ स्वर्णका साथ दोस्रो र मोरङले दुई स्वर्ण ल्याई तेस्रो भएको छ । प्रदेशका १० जिल्लाका ४५ महिला सहित ११५ खेलाडीले १५ विधामा प्रतिस्पर्धा गरेका थिए। समारोहमा मिक्लाजुङ गाउँपालिकाका उपप्रमुख सरिता राई,आइटिफका वरिष्ठ उपाध्यक्ष्मा अञ्जनाथ श्रेष्ठ र उपाध्यक्ष प्रवीणकमार कार्कीलगायतले दुर्गम क्षेत्रमा बसोवास गर्ने युवायुवतीलाई खेलकुदप्रति आकर्षण गराउन यस क्षेत्रमा प्रतियोगिताको आयोजना गरिएको बताए ।

# रोनाल्डोको युभेन्टस पराजित



**■ एजेन्सी**

रोमा । इटालियन सिरी ए मा युभेन्टस नापोलीसँग पराजित भएको छ । नापोलीको मैदानमा भएको खेलमा घरेलु टिमले युभेन्टसलाई दुई-एक गोल अन्तरले हरायो । युभेन्टसलाई कडा टक्कर दिएको नापोलीले ६३औं मिनेटमा पिटर जिलिन्स्कीको गोलमार्फत अग्रता लियो । त्यसको केही समयपछि युभेन्टसले बराबरी गर्ने मौका पाएको थियो । तर गोञ्जालो हिग्वेनको बाइसाइकल किक गोलकिपर एलेक्स मेरेटले बचाएका थिए । लोरेन्जो इन्सिग्नेले खेलको ८६औं मिनेटमा गोल गर्दा नापोलीले अग्रता दोब्बर बनायो । ९०औं मिनेटमा रोनाल्डोले गोल गरे पनि हार भने टार्न सकेनन् । इटालियन सिरी ए मा रोनाल्डो लगातार आठ खेलमा गोल गर्ने खेलाडी बनेका छन् । पराजयपछि पनि युभेन्टसले तीन अंकको अग्रता कायम राखेको छ । युभेन्टसको ५१ अंक छ भने दोस्रो स्थानको इन्टरमिलानको ४८ अंक छ । इन्टर मिलान काग्लिअरीसँग बराबरीमा रोकिएको थियो । नापोली भने २७ अंकसहित १०औं स्थानमा छ ।

# भारतको लगातार दोस्रो जित

**■ एजेन्सी**

अकल्यान्ड । न्युजिल्यान्ड भ्रमणमा रहेको भारतले दोस्रो टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा सात विकेटको जित निकालेको छ । टस जितेर पहिले ब्याटिङ रोजेको न्युजिल्यान्डले निर्धारित ओभरमा पाँच विकेट गुमाउँदै १ सय ३२ रनको सामान्य योगफल बनायो ।

घरेलु टोली न्युजिल्यान्डका लागि मार्टिन गप्टिल र टिम सेइफर्टले समान ३३ रन बनाए । त्यस्तै कलिन मुनरोले २६ रन जोडे । बलिङतर्फ भारतका लागि रविन्द्र जडेजाले चार ओभरमा जम्मा १८ रन दिँदै दुई विकेट लिए । त्यस्तै शार्दूल ठाकुर, जसप्रीत बमराह र शिवम दुबेले एक-एक विकेट हात पारे ।



एक सय ३३ रनको लक्ष्य पछ्याएर मैदानमा छिरेको भारतले १७ दशमलव ३ ओभरमा तीन विकेट गुमाउँदै पूरा गऱ्यो । भारतका लागि लोकेश राहुलले अविजित ५७ रनको योगदान गरे । त्यस्तै मध्यक्रमका ब्याट्सम्यान श्रेयस अय्यरले ४४ रन बनाए । बलिङतर्फ न्युजिल्यान्डका लागि टिम साउथीले दुई विकेट लिँदा इश सोधीले एक विकेट हात पारे । पाँच खेलको टी-२० सिरिजमा भारत दुई-शून्यले अघि छ । यसअघिको खेलमा भारत ६ विकेटले विजयी भएको थियो ।

हामी नेपालहरूमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ । नयाँ प्रविधि र नयाँ क्षेत्रहरूमा हामी जानैपर्छ। मुख्यतः हामीमा प्रतिबद्धता, लगनशीलता, आँट र साहस् चाहिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

**सृजना इन्टरनेशनल मिडिया प्रा.लि.**द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४४२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, **मुद्रण**: एक्सप्रेस कलर प्रेस, बुद्धनगर, **निर्देशक** : वसन्तनाथ पन्त, **प्रधान सम्पादक**: बोधराज त्रिपाठी